# वर्गदृष्टि

Bargadristi Weekly
साप्ताहिक

वर्ष ४ अङ्क २ पूर्णाङ्क १४७ | २०७६ असार २३ गते सोमबार | Monday, 8 July, 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


## नेता श्रीनाथ अधिकारीको स्वास्थ्यस्थिति गम्भीर



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का पीबीएम श्रीनाथ अधिकारीको स्वास्थ्य स्थिति दिनदिनै गम्भीर बन्दै गएको छ । पछिल्ला केही दिनयता स्वास्थ्य स्थिति गम्भीर बनेपछि अहिले आइसियूमा राखेर उपचार प्रक्रिया अगाडि ...बाँकी ८ पेजमा

### क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठक सम्पन्न

# संघर्षलाई नयाँ ढंगले संगठित गरिने




...बाँकी ५ पेजमा

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले २०७६ असार १२ देखि १७ गतेसम्म ललितपुरको चाङ्गाथलीमा सम्पन्न केन्द्रीय समितिको बैठकले लिएका निर्णयहरू एक प्रेस वक्तव्यमार्फत् सार्वजनिक गरेको छ । पार्टी महासचिव मोहन वैद्य'किरण'ले प्रेस वक्तव्य जारी गरी बैठकका निर्णयहरू सार्वजनिक गरेका हुन् ।

वक्तव्यमा पछिल्लो राष्ट्रिय अन्तर र्राष्ट्रिय परिस्थितिको ठोस विश्लेषण गर्दै बैठकले संघर्षलाई नयाँ ढंगले उठान गर्नुपर्ने निर्णय गरेको उल्लेख गरिएको छ ।

वक्तव्यमा भनिएको छ, "अहिले देशमा कम्युनिस्ट नामधारी, संसदवादी तथा नवप्रतिक्रियावादी सरकार बनेको झण्डै १६ महिना पुगेको छ । यो बेला राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका ...बाँकी ७ पेजमा

## अखिल (क्रान्तिकारी)द्वारा त्रिवि सेवा आयोगका भ्रष्टहरूलाई कडा कारबाहीको माग



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले त्रिवि सेवा आयोगका भ्रष्ट पदाधिकारी तथा कर्मचारीलाई कारबाही गर्न जोडदार माग गरेको छ । संगठनका केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेलले एक वक्तव्य जारी गरी यस्तो माग गरेका हुन् । उनले वक्तव्यमा भनेका छन्, "यही असार १८ गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार गरेको प्रमाण सहित त्रि.वि. सेवा आयोगका अध्यक्ष चैतन्य शर्मा लगायत १० जना विरुद्ध विशेष अदालतमा मुद्धा दायर गर्नुले आयोगका भ्रष्ट पदाधिकारी र कर्मचारीहरूको कूकृत्य सार्वजनिक भएको छ । हाम्रो संगठन ती भ्रष्टहरूलाई कडा भन्दा कडा कारवाहीको लागी जोडदार माग समेत गर्दछ । हामी ती मागहरू पुरा गराउनको लागि निरन्तर संघर्षरत रहेको जानकारी समेत गराउन चाहन्छौं ।"

१९ असारमा जारी गरिएको वक्तव्यमा भनिएको छ, "यही २०७६ साल वैशाख ३० गते देखि त्रिभुवन विश्वविद्यालय सेवा आयेगको अनियमितता लगायत विषयहरूलाई लिएर तालाबन्दी, कोणसभा, ...बाँकी ७ पेजमा

## चारवटा प्राध्यापक संगठनले गरे महाधिवेशन बहिस्कार

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल राष्ट्रिय प्राध्यापक संगठन लगायत चारवटा प्राध्यापक संगठनले सबै प्राध्यापकहरूको साझा संगठनको रूपमा रहेको नेपाल प्राध्यापक सङ्घ को १६ औं महाधिवेशन बहिष्कार गरेका छन् । बिहीबारबाट काठमाडौंको राष्ट्रिय सभा गृहमा सुरु भएको महाधिवेशन बहिष्कार गरेको घोषणा गरेका हुन् । संघको वर्तमान पदाधिकारीले आर्थिक अनियमितता गरेको, सबै विश्वविद्यालयलाई प्रतिनिधित्व नगराएको, पब्लिक क्याम्पसको हकमा प्रतिनिधि नमिलेको लगायतका असन्तुष्टि राख्दै उनीहरूले महाधिवेशन बहिष्कार गरेको जनाएका हुन् ।

नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठनका अध्यक्ष प्रा.डा. जगदिशचन्द्र भण्डारीले ११ वटै विश्वविद्यालयबाट महाधिवेशनको लागि प्रतिनिधि हुनुपर्नेमा कृषि तथा वन विश्वविद्यालय र मध्यपश्चिम विश्वविद्यालयलाई प्रतिनिधिविहीन बनाएकोमा आपत्ति जनाए ।

महाधिवेशन बहिस्कार गरिएको जानकारीका लागि पत्रकार सम्मेलन गर्दै चारवटै संगठनका नेताहरूले संघको महाधिवेशन अवैधानिक भएकोले आफूहरूले बहिष्कार गरेको स्पष्ट पारेका छन् । 'संघ भनेको सबैको साझा संस्था हो । तर, महाधिवेशनजस्तो विषयमा सबैलाई सहभागिता नगराएपछि गम्भिर असन्तुष्टि राख्दै बहिष्कार गर्ने निर्णय गरेका हौं ।' उनीहरूले बताएका छन् ।

नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठनका सह-संयोजक प्रा.डा.रमेशप्रसाद भट्टराईले पब्लिक क्याम्पसमा भएको सहमतिलाई लत्याउँदै आफ्ना व्यक्तिहरूलाई मात्रै महाधिवेशन प्रतिनिधि बनाई एकलौटी गरेकोमा गम्भीर असन्तुष्टि जनाए ।

नेपाल प्रगतिशील प्राध्यापक सङ्गठनका अध्यक्ष प्रा.डा. यादवप्रकाश लामिछानेले संघको महाधिवेशन अवैधानिक भएकोले आफूहरूले बहिष्कार गरेको स्पष्ट पारे ।

राष्ट्रिय लोकतान्त्रिक प्राध्यापक सङ्घका अध्यक्ष डा. उदय किशोर तिवारीले संघले एकलौटी रूपमा अधिवेशन सम्पन्न गरे आफूहरूले त्यसको विरुद्धमा ...बाँकी ७ पेजमा

# भारतीय हस्तक्षेपसामु झुक्यो ओली सरकार

*विषादीयुक्त तरकारीमा रोक नलगाइने, नेपाली उपभोक्ताको स्वास्थ्य उच्च जोखिममा*

## चितवनमा गरियो विरोध प्रदर्शन



चितवन नेपाल सरकारले भारतवाट आयातित विषादीयुक्त तरकारी र फलफूलको विना परिक्षण आयात गर्न दिने गरी गरेको निर्णयको विरूद्धमा अखिल नेपाल किशान महासंघ(क्रान्तिकारी) चितवनले विरोध कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी) चितवन जिल्ला सेक्रेटरी अशोक शर्माले "दलाल ओली सरकारको जनताको जनजीवन र स्वास्थ्यसंग खेलवाड गर्ने जनविरोधी चरित्रको विरोध गर्दै विषादीयुक्त तरकारी र फलफुलहरू वहिस्कार गर्न आवहान गर्नु भयो ।" उनले भने, "विषादीयुक्त भारतीय बजारवाट ल्याइएका तरकारी र फल्फुल नष्ट गर्न सडकमा आउन जनतालाई आव्हान गर्छौं ।" सन्तोष वस्ताकोटीद्वारा संचालित कार्यक्रममा देजमोका सचिव मोदनाथ मरहट्टा र अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) चितवनका संयोजक प्रकाशबाबु खनाल लगायतले विश्व खाद्य सम्प्रभुताको आन्तर्राष्ट्रिय नियमलाई समेत उलंघन गरी विषादीले भरिएका भारतबाट आयातित तरकारी र फलफूल उपयोग नगर्न जनसमुदायलाई अपिल गरे । विरोध प्रदर्शनको अन्त्यमा भारतीय विस्तारवाद र नेपालको दलाल संसदीय व्यवस्थाको विरूद्धमा चर्को चाराबाजी समेत गरेका थिए ।

## विषादीयुक्त खाद्य-सामग्री आयात गर्ने निर्णय खारेज गर: *देजमो*


काठमाडौं । सरकार भारतीय दबाबसामु लम्पसार परेको भन्दै देशभक्त जनगणतान्त्रिक मोर्चा,नेपालले नेपाली उपभोक्ताहरूको जनस्वास्थ्यमा गम्भीर आघात पुग्ने गरी विषादीयुक्त खाद्य-सामग्री परीक्षण नगरी आयात गर्ने भनी गरेको सरकारी निर्णय अविलम्ब खारेजीको माग गरेको छ ।

मोर्चाका अध्यक्ष सीपी गजुरेलले जारी गरेको वक्तव्यमा भनिएको छ, "सरकारले यहि असार २ गते राजपत्रमा प्रकाशित गरी भारतबाट आयात हुने तरकारी र फलफूलको विषादी जाँच नगरी नेपाल प्रवेश गर्न नदिने भन्ने निर्णय सार्वजनिक गरेको थियो । तर १२ दिनमै भारत सरकारद्वारा लिखित रूपमै यो निर्णय फिर्ता गर्न दवाव आएपछि सरकारले लम्पसार परेर उक्त निर्णय फिर्ता गर्ने निर्णय गरेको छ । जनस्वास्थमा घातक असर पार्ने यो निर्णय तुरुन्त खारेज गर्न सरकार सँग जोडदार माग गर्दछौं ।'

काठमाडौं । अन्ततः भारतको चर्को दबाबका सामु केपी शर्मा ओली नेतृत्वको सरकार झुकेको छ । भारतबाट नेपालमा आयात गरिने तरकारी तथा फलफूलको विषादी परीक्षण गर्ने कार्य स्थगित गरेको छ । अब विषादीयुक्त भारतीय तरकारी तथा फलफूल निर्वाध रूपमा नेपालमा आयात हुनेछ । सीमा नाकामा फलफुल तथा तरकारीको विषादी जाँच गरेरमात्रै नेपाल ल्याउने यसअघिको निर्णयप्रति भारतीय पक्षले असन्तुष्टी जनाउँदै उक्त निर्णय फिर्ता गर्न चर्को दवाव दिएपछि सरकारले अन्ततः परीक्षण गर्ने निर्णयलाई स्थगित गरेको छ । भारतीय दूतावासले नेपालका सरकारी अधिकारीलाई विषादी परीक्षण नगर्न दिएको दबाबपछि आफ्नो निर्णबाट पछि हटेको हो । ...बाँकी ७ पेजमा

**भारतीय विस्तारवाद सामु सरकारले घुँडा टेक्यो : *किसान महासंघ (क्रान्तिकारी)*** *विस्तृत समाचार पृष्ठ ७ मा*

## क्रान्तिकारी युवा लिगको केन्द्रीय सदस्य पक्राउ अविलम्ब रिहाई गर्न जोडदार माग



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपालका केन्द्रीय सदस्य इन्द्रबहादुर गुरुङलाई प्रहरीले विना कारण पक्राउ गरेको छ । उनलाई २०७६ असार १९ गते प्रहरीले पक्राउ गरेको भन्दै क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जनले एक वक्तव्य जारी गरी पक्राउ गरिएका केस गुरुङलाई अविलम्ब रिहाईको जोडदार माग गरेका छन् ।

संगठनको राष्ट्रिय सम्मेलनको लागि आर्थिक सहयोग संकलन गर्ने क्रममा छोडिएको पत्र अनुसार सहयोग लिन आउन भनी बोलाएर कास्कीको पोखरा न्यूरोड स्थित पदम नरिसिंह होमले प्रहरी बोलाएर पक्राउ गराएको वक्तव्यमा उल्लेख गरिएको छ । स्वेच्छिक रूपमा आर्थिक सहयोग लिने क्रममा योजनाबद्ध पक्राउ गरिएको भन्दै लिगले आइतबार एक वक्तव्य जारी गरी गुरुङलाई अविलम्ब रिहाई नगरिए कडा प्रतिरोध गर्ने चेतावनी दिएको छ ।

## केन्द्रीय समितिको बैठक र यसले दिएको सन्देश

नेकपा (क्रान्तिकारी माओवादी)को नियमित पूर्ण बैठक काठमाडौं उपत्यकाको ललितपुर जिल्लामा सम्पन्न भयो । झण्डै एक हप्ता लामो यो बैठक संसदीय पार्टीहरूको जस्तो धुमधाम प्रचारबाजीका साथ आयोजना गरिएको थिएन र यसलाई पूर्णरूपमा भूमिगत नै पनि भन्न मिल्दैनथ्यो । ०७५ साल मंसीर पश्चात् बुटवलमा बसेको बैठक पछिको यो बैठकको कार्यसूचीमा १५ वटा विषयहरू समाविष्ट थिए । महासचिव क. किरणद्वारा प्रस्तुत लिखित प्रतिवेदन प्रस्तुत भएको थियो । बैठकमा उपस्थित करिब ७० जनाले यसमा उठाइएका विषयहरूबारे आफ्ना सुझावहरू प्रस्तुत भएका थिए । यस बैठकले लिएका केही महत्वपूर्ण निर्णहरूबारे यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

**कम्युनिष्टको नाम बेचेर, समाजवादको साइनबोर्ड भिरेर आएको यो सरकारको काम कम्युनिष्ट पार्टीको नामलाई बदनाम गराउने, कुरुप बनाउने र समाजवादलाई फासिवादको समकक्षीका रुपमा चित्रण गर्ने धन्दामा लागेको छ**



● सी पी गजुरेल ●

*अन्तर्राष्ट्रिय परिस्थिति*

दुई अति महाशक्तिमा विभाजित विश्वमा '९० को दशकपछि, ती मध्येको एउटा सोभियत सामाजिक साम्राज्यवादको विखण्डन र बिसर्जन भयो । यसमा अमेरिकी साम्राज्यवादले आफ्ना दलाल शक्तिहरूलाई उचाल्न भरपूर मात्रामा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्यायो । त्यसपछिको अवस्थामा बाँकी रहेको एक मात्र अति महाशक्ति अमेरिकी साम्राज्यवादको विश्वभर दबदबा कायम रह्यो । ...बाँकी ८ पेजमा

## सम्पादकीय

# ओली सरकारको जनघाती हर्कत

नेपाल सरकारले असार २ गतेदेखि भन्सार विन्दुमा क्वारेन्टइन र जीवनाशक बिषादीको अवशेष अनिवार्य परीक्षण गर्ने नीति कार्यन्वयनमा ल्याएको थियो। सरकारको यो कदमको नेपाली उपभोक्ताले प्रशंसा पनि गरेका थिए। तर सरकारको यो कदम भारतको नाङ्गो हस्तक्षेप र दबाबका सामु दुई हप्ता पनि टिक्न सकेन। सीमा नाकामा विषादी परीक्षणका कारण भारतीय भारतीय तरकारी र फलफूलको आयात प्रभावित हुन पुगेपछि भारतीय दुतावासले नेपालको बाणिज्य मन्त्रालयलाई लिखित पत्र पठाएर आपत्ति मात्र जनाएन सिधै प्रधानमन्त्रीमाथि दबाब सिर्जना गरियो। फलतः प्रधानमन्त्री केपी शर्मा ओलीको ठाडो प्रस्तावमा मन्त्रीपरिषद्‌बाट निर्णय गराई असार २ बाट जारी विषादी परीक्षणमा रोक लगाइयो। र, सरकार आफ्नै पूववर्ती निर्णयबाट पछि हट्न बाध्य भयो। यसै विषयलाई लिएर अहिले चौतर्फी रूपमा ओली सरकार र भारतीय हस्तक्षेपको विरोध भइरहेको छ। विरोधमा नेकपा (क्रान्तिकारी माओवादी)को संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र सम्बद्ध अखिल नेपाल किसान महासंघ (क्रान्तिकर ी)ले छुट्टाछुट्टै वक्तव्य निकालेर कडा विरोध गरेको छ। चितवनमा किसान महासंघ(क्रान्तिकारी)ले विरोध प्रदर्शन समेत गरेको छ। उनीहरूले नेपाली उपभोक्ताहरूको जनस्वास्थ्यमा प्रतिकूल असरपार्ने विषादीयुक्त खाद्य-सामग्री आयातमा रोक लगाउन सरकारसित जोडदार माग समेत गरेका छन्।

नेपालले आफ्नो भन्सार विन्दुहरूमा क्यारेन्टाइन पहिलेदेखि नै राख्दै आए पनि त्यसलाई ब्यवस्थित गरी कार्यन्वयनमा ल्याएको थिएन। फलतः भारतीय बिषाधीयुक्त तरकारी, फलफूल र खाद्यान्न विनारोकटोक नेपाल भित्रिदै आएका थिए। अहिले किसान र कृषि व्यवसायीको दवावको कारण नेपालले भन्सार विन्दुहरूमा क्वारेन्टाइन र जीवनाशक विषाधीको अबशेष परीक्षण गर्ने नीति कार्यन्वयनमा ल्याउँदा भारत सरकारले "नेपाल-भारत द्विपक्षीय व्यापार सम्झौतालाई ख्याल नगरेको, विभिन्न सन्धि सम्झौतालाई नमानेको जस्ता आरोप लगाएर दवाव दिएपछि सरकार आफ्नो निर्णयबाट पछि हटेको छ। यसलाई भारतीय हस्तक्षेप सामु ओली सरकार लम्पसार परेको, घुँडा टेकेको भनेर सत्तारुढ पार्टीभित्रै समेत विरोध भइरहेको छ।

आफ्नो मुलुक भित्रने कुनै पनि उत्पादनको यथोचित चेकजाँच गर्ने एउटा स्वतन्त्र मुलुकको अधिकार क्षेत्रभित्र पर्ने विषय हो र यो अन्तर्राष्ट्रिय कानुनसँग पनि सम्बद्ध विषय हो। तर भारतीय हस्तक्षेप र दबावमा परेर यसरी सरकार आफ्नै निर्णयबाट पछि हट्नुले दुई तिहाई प्राप्त सरकारको हैसियतलाई लिएर गम्भीर प्रश्न उठाउन थालिएको छ। 'राष्ट्रवाद'को नारामा सत्तासिन हुने हैसियतमा पुगेको ओली नेतृत्वको सरकारले भारतीय विषादीयुक्त खाद्य-सामग्रीलाई निर्वाध रूपमा आयात गर्ने भनी गरेको निर्णयलाई जनघाती तथा राष्ट्रघातीको रूपमा सामाजिक सञ्जाल लगायतका माध्यमहरूमा व्यापक विरोध भइरहेको छ। यस बारेमा ओली सरकारले सदन भएको विरोधको समेत सामना गर्न सकिरहेको छैन।

विषादी परीक्षणमा रोक, भारतीय आईफालाई करोड बढीको सहयोग, भारतले गरेको सीमा अतिक्रमण, नक्कली नक्साको प्रयोग लगायतका घटनाक्रमले नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता तथा स्वतन्त्रताका विषयलाई लिएर अहिले सघन विमर्श समेत हुन थालेको छ। यसले के नेपाल सार्वभौम त छ ? के यो देश स्वतन्त्र छ ? भन्ने प्रश्नहरू गम्भीर रूपमा उठेका छन्। सरकारले आफ्ना नागरिकको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने खालका विषादीयुक्त खाद्य-सामग्रीहरूको आयातमा रोक लगाउन सक्दैन र नागरिहरूको सुरक्षा गर्न सक्दैन भने यो सरकार कसरी नेपाली जनता र नेपाल राष्ट्रको हित गर्ने सरकार भयो ? अहिले चौतर्फी रूपमा प्रश्नहरू उठिरहेका छन्। यसको जवाफ ओली नेतृत्वको सरकारले दिन जरुरी छ, अहिलेको सत्तारुढ पार्टीका नेता कार्यकर्ताहरूले दिन जरुरी छ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# नेपालमा फेरि पनि जनयुद्ध नै आवश्यकता किन ?



● पुष्पगोपाल श्रेष्ठ ●

नेपाली क्रान्ति सशस्त्र जनविद्रोह (नयाँ जनवादी क्रान्ति) को वर्तमान चरण दलाल नोकरशाही पुँजीवाद, अर्ध-औपनिवेशिक र अर्ध-सामन्ति समाजको उन्मूलन र समतावदी समाजको स्थापना बिचको सङ्क्रमनकालिन चरण हो अर्थात् नयाँ जनवादी क्रान्तिको प्रक्रिया हो। हुन त, यस्तै नयाँ जनवादी क्रान्ति २४ वर्ष अघि अर्थात् ०५२-०६२ साल १० वर्षसम्म लगातार संचालन गरी करिब करिब विजयको शिखर चुम्न चुम्नै लागेको थियो तर बिच बाटोमा दुर्घटना भइदियो।

निश्चितै रूपमा, दोश्रो जनयुद्धमा जुट्नु यो कोही कसैको रहर होइन, हो त यो देशका तमाम उत्पीडित स्वाभिमानी नेपाली जनसमुदाय मात्रको बाध्यता हो। मुलुकमा कायम रहिआएको दलाल नोकरशाही पुँजीवादी, अर्ध-औपनिवेशिक र अर्ध-सामन्ति समाजलाई ध्वष्ट पारी, देश र जनताको पूर्ण मुक्ति र स्वतन्त्रताकासाथ नेपालमा नयाँ जनवादी राज्यव्यवस्था कायम गर्न दशकौं लामो संघर्षबाट सिर्जियको त्यो ०५२ साल फाल्गुण १ गतेबाट पूरै शंख-घोषका साथ मैदानमा उत्रेको नयाँ जनवादी क्रान्ति (जनयुद्ध) देश व्यापि रूपमा द्रुतगतिले अत्यन्तै प्रभावकारी ढङ्गले फैलिन्दै थियो।

तर यतिखेर दुःखसाथ भन्नुपरिरहेको छ, नेतृत्वप्रतिको असिम अन्ध-विश्वास जस्तो कमि-कमजोरीबाट फाइदा उठाउँदै त्यो धुर्त विश्वासघाटी जनयुद्धका मूल नेतृत्व तथा जनसेनाका सुप्रिम कमाण्डर पुष्प कमल दाहाल "प्रचण्ड"ले देश र जनतालाई धोका दिई, अर्का जो व्यक्ति धोकेबाज गद्दार बाबुराम भट्टराईकासाथ सुटुक्क दिल्ली दरवारमा पुगेर, महान जनयुद्ध विरुद्ध पुरै नाङ्गेझार भई भारतिय विस्तारवादको स्वार्थमा धक्का पर्ने गरी कुनै किसिमको हानी नोक्सानी हुने काम कुरोमा हामी लाग्ने छैनौं भनी पुरै घोप्टोपरी वर्गिय तथा राष्ट्रिय आत्मसमर्पण गरी फर्के पश्चात, ०६३ सालमा उही पूरानो संसदीय प्रतिक्रियावादी राज्यसत्ता र नयाँ जनसत्ता बिच वृहत शान्ति-सम्झौताको नाउँमा पुरै आत्मासमर्पणको प्रक्रिया भित्र दश वर्षिय महान जनयुद्ध विसर्जन गर्न पुग्नुले सृजित वर्तमान स्थिति हो यो।

यस्तो स्थिति, खासमा भन्नु नै पर्दा नीतिगत रूपले चिप्लिन पुग्नुको परिणाम हो अर्थात नेता प्रधान होइन नीति (बिचार) प्रधान भन्ने कुरालाई भुलेर नेता प्रधान मान्न पुग्नुबाट सिर्जीत स्थिति हो यो। अवका दिनहरूमा क्रान्तिकारीहरूले पुरै सचेतता अपनाई, प्रत्येक कामरेडले प्रत्येक कामरेडको कार्यविधि, सोच र हाउभाउ प्रति सदा क्रान्तिकारी सचेतता अपनाउँदै गर्नु नितान्त जरुरी छ। किनभने कुनै पनि बेला कुनै पनि कामरेड जानाजान वा अनजानवस गलत सोच र प्रवृत्तिमा फस्न पुगीरहन (पुगेको हुन) सक्छ। त्यस्तो स्थितिबाट पार्टी र क्रान्तिमा कुनै असर नपर्ने गरी अगाडि बढीरहन आवश्यक उपचार पद्धतिको निम्ति यो भरपर्दो शुत्र बन्न सक्छ। तर यो कुनै पनि खराब अर्थको निम्ति होइन र हुनदिनु पनि हुन्न।

नेपाली क्रान्तिको वर्तमान चरणको स्वरूप वास्तवमा कस्तो छ त ? यो पुँजीवादी जनवादी क्रान्ति हो कि सर्वहारा समाजवादी क्रान्ति हो। यस विषयलाई लिएर ती आत्मासमर्पणवादी दुष्टजनहरूले जनमानसमा गहिरो गरी भ्रम फिजाई आफ्नो स्वार्थसिद्ध गर्न सत्ताको दुरूपयोग गर्दै, मुलुकमा जनवादी क्रान्ति पूर्ण भई सकेको छ र वर्तमान क्रान्तिको चरण समाजवादी क्रान्ति हो भन्दै धोक्रो फुलाई चिच्च्याई रहेका छन् तर त्यो गलत कुरा हो। के कुरा टड्कारो छ भने अहिले हुन गइरहेको क्रान्ति पछिल्लो खालको नभएर अघिल्लो खालको छ। नेपाली समाज दलाल नोकरशाही पुँजीवाद अर्ध-औपनिवेशिक र अर्ध-सामन्ति हुनाले नेपाली क्रान्तिका प्रमुख शत्रुहरू, साम्राज्यवाद, विस्तारवाद र दलाल नोकरशाही पुँजीपति सामन्तवाद हुनाले, राष्ट्रिय पुँजीपति वर्गले कहिले काहीँ भाग लिने राष्ट्रिय र जनवादी क्रान्तिद्वारा यी दुईतै शत्रुका तख्ता पल्टाइदिनु क्रान्तिका अभिभारा हुनाले र ठूलो पुँजीपति वर्गले क्रान्तिप्रति विश्वासघाट गरेर क्रान्तिको शत्रु नै हुँदा पनि क्रान्तिको धार सामन्यतया पुँजीवाद र पुँजीवादी नीजि सम्पत्तिको विरुद्ध नसोझ्याई साम्राज्यवाद विस्तारवाद, अर्ध-औपनिवेशिक, नव-औपनिवेशिक र सामन्तवादको विरुद्ध सोझ्याइने हुनाले नेपाली क्रान्तिको वर्तमान चरणको स्वरूप सर्वहारा समाजवादी नभएर पुँजीवादी जनवादी नै हो।

नयाँ जनवादी क्रान्ति विश्व सर्वहारा-समाजवादी क्रान्ति कै एक अङ्ग हो, कारण यसले साम्राज्यवाद अर्थात अन्तरराष्ट्रिय पुँजीवादको दृढतासाथ विरोध गर्छ। राजनैतिक रूपले यसले साम्राज्यवादी, विस्तारवादी, देशद्रोही र प्रतिक्रियावादीहरू माथि सबै क्रान्तिकारी वर्गहरूको संयुक्त अधिनायकतन्त्र कायम गर्ने प्रयत्न गर्छ र नेपाली समाजलाई पुँजीवादी अधिनायकतन्त्रमा रूपान्तरण गर्ने कुराको विरोध गर्छ। आर्थिक रूपले, यसले साम्राज्यवादी, देशद्रोही र प्रतिक्रियावादीहरूका सबै ठूल्ठूला उद्योग कारवारहरू र पुँजीको राष्ट्रियकरण गर्ने र जमिन्दारहरूको अधिनमा रहेको जग्गाजमिन किसानहरूको बीचमा वितरण गर्ने, तर सामान्यतया नीजि पुँजीवादी उद्योग-कारोवारहरूको रक्षा गर्ने र धनी-किसान अर्थ व्यवसायलाई उन्मूलन नगर्ने लक्ष्य राख्छ। यस प्रकार, यस नयाँ जनवादी क्रान्तिले एकातिर पुँजीवादको बाटो सफा गर्छ भने अर्कोतिर समाजवादका पूर्वाधारहरूको सिर्जना गर्छ। नेपाली क्रान्तिको वर्तमान चरण दलाल नोकरशाही पुँजीवाद, अर्ध-औपनिवेशिक र अर्ध-सामन्ती समाजको उन्मूलन र समाजवादी समाजको स्थापनाबीचको संक्रमणकालिन चरण हो अर्थात नयाँ जनवादी क्रान्तिको प्रक्रिया हो।

कम्युनिष्टहरूको अभिभारा सम्बन्धमा, यहाँ कतिपय कम्युनिष्टहरूको अल्लारे सोचाई हाम्रो अभिभारा हालको पुँजीवादी जनवादी क्रान्तिसम्म सिमित छ र समाजवादी क्रान्ति हाम्रो अभिभारा भित्र पर्दैन भन्ने केही अपरिपक्व कम्युनिष्टहरूको सोचाई छ। यो विचार ठिक होइन पूर्णतया गलत छ। गलत विचारलाई हामीले त्यो विचार गलत हो भनी ठोकुवासाथ औंल्याइ दिनुपर्छ। हाम्रो अभिभारा भनेको त नेपालको पुँजीवादी जनवादी क्रान्ति (नयाँ जनवादी क्रान्ति) पूरा गर्नु र सबै आवश्यक परिस्थितिहरू परिपक्व भएपछि यसलाई समाजवादी क्रान्तिमा फेर्नु नेपाली क्रान्तिकारी कम्युनिष्ट पार्टीको महान र गौरवशाली क्रान्तिकारी अभिभारा हो। हरेक पार्टी सदस्यले यसलाई पूरा गर्ने प्रयत्न गर्नैपर्छ र यसलाई कुनै हालतमा पनि बिच बाटोमा अधुरो र अलपत्र पारी छोड्नु हुँदैन।

हर क्रान्तिकारी कम्युनिष्टहरूले जान्नै पर्ने कुरा के हो भने कम्युनिष्ट पार्टीको नेतृत्वमा हुने नेपालको क्रान्तिकारी आन्दोलनमा दुई चरण हुन्छन्, जस्तै जनवादी क्रान्ति र समाजवादी क्रान्ति, जुन एकदम बेग्लाबेग्लै क्रान्ति हुन् र पहिलो प्रक्रियालाई पूरा गरेपछि मात्र दोश्रो प्रक्रियालाई पूरा गर्न सकिन्छ। जनवादी क्रान्ति समाजवादी क्रान्तिको आवश्यक तयारी हो र समाजवादी क्रान्ति जनवादी क्रान्तिको अनिवार्य परिणाम हो। समाजवादी तथा साम्यवादी समाज स्थापना गर्नु नै सबै कम्युनिष्टहरूका प्रयत्नको अन्तिम लक्ष हो।

...बाँकी ७ पेजमा

झर्रोटर्रो kailubraha73@gmail.com ✍ कैलुब्राह

# राँके पाटीको आठौँ अधिवेसन

प्युठानी सिंहको पाटीलाई नेकपा राँके पाटी भनिन्च। छोटकरीमा त्यसलाई राँके पाटी भन्चन्। त्यो राँके पाटीले केही दिन पैला आठौँ महाधिवेसन गर्यो। सो महाधिवेसनबाट पाटीको माऊ नेतामा तिनै सिंहलाई चुन्यो। चौरासी जुनी काटिसकेर पिन्डपानी खान ठिक्क परेका, दारा नङ्गा खिइएर झरेका, चाउरी परेर थला परेका बुढा फेरी माऊ नेतामा चुनिए। पैँतीस चालिस बर्खदेखि तीनै सिंह सो पाटीका माऊ नेता छन्। त्यो भन्दा पनि पैला पटक पटक गरी झन्नै एक दशक त उनै माऊ नेता भा'कै हुन्। लगभग पचास बर्खदेखि एउटै पाटीको माऊ नेता हुनु चानचुने कुरो हैन। त्यो पाटीमा परौढ र तन्नेरी नेता नभएरै त होला यी सिंहलाई चुनेको। नत्र यी पिन्डपानी खान ठिक्क परेका बुढालाई सकी नसकी माऊ नेताको पगरी किन गुथाए होलान् ? यो कैलुले अचम्म मानेर दङ्ङदास थियो। कसरी यसो भए होला त भनेर बुझ्ने केही मेसो पाएको थिएन। एक दिन यो कैलु त्यसको खोजीकार्य गर्न भन्दै बजारतिर हिँडेको थ्यो, त्यैबेला महाधिवेशनबाट फर्केका तिनै सिंहका खाँट्टी, झर्रा र कट्टर कार्यकर्तालाई भेट्यो। लौ चाए खाउँ भन्दै यो कैलु र ती कार्यकर्ता एउटा चाए पसलमा छिरियो।

चाएको अडर गरेर ती झर्रा कार्यकर्तासित केही गफगाफ गर्न थालियो। महाधिवेसन सफल पारेर आएकोमा उनलाई बधाई सधाई दिएर कुराकानी गर्न थालियो। खासमा यो कैलुलाई राँके पाटीको महाधिवेसनका बारेमा केही जानकारी लिनु थ्यो। त्यै भएर अरू दायँबायाँ कुरा क्यै नगरेर सिधै महाधिवेसनका कुरातिर लागियो। चाए खाँदै कुरा गर्दै गर्न थालियो।

मैले उनलाई सबै भन्दा पैला तपाइँहर्ले किन तिनै सिंह बुढालाई माऊ नेताको पगरी गुथाउनुभो ? के अरू परौढ र तन्नेरी नभएर हो कि, पगरी गुथ्ने ह्याऊ नभएर हो कि, सिंहको गर्जनबाट तर्सेर हो कि के हो भनेर सोधेँ। त्यसको जवाफ दिँदै उनले भने - 'तपैँले भनेको कुरा हो पनि हैन पनि। किनकि सिंह भनेको सिंहै हो। दारा नङ्गा नभए पनि, सिंह गर्ज्यो भने सबै थर्कमान् हुन्चन्।' यती मात्रै त हैन होला, बरू तन्नेरी सन्नेरी नभएर, भएकाले पनि नआँटेर पो होकी भनेर मैले उनको जबाफमा चित्त बुझाइन। उनले भने - 'तन्नेरी पनि छन्। परौढ पनि छन्। तर सिंह हुँदा हुँदै अरूले पगरी गुथ्ने कुरा मनासिव पनि त हुन्न। आर्को कुरा हाम्रो जस्तो पाटीमा जस्को नीति पास हुन्च उसैलाई नेता बनाउने चलन हुन्च। त्यै भएर पनि हो।'

अब पिन्डपानी खाने बेला सक्चन् त पाटी हाँक्न भनेर मैले फेरी प्रश्न गरेँ। उनले जबाफ दिए - 'किन नसक्ने ? जे भए पनि उनी सिंह हुन्। उनले ह्वास्स पारेर सास मात्रै फाले भने पनि दुनियाँ थर्कमान् हुन्चन्। जताततै चर्चाको विषय बन्च।' हैन तपैँको पाटी त खिइँदै खिइँदै खिइँदै सक्किन थालिसक्यो। चुनाउमा त सरखारी पाटीको बैसाखी टेकेर बल्लतल्ल सिंहिनीलाई जिताउनुभो। अब त त्यै पनि चान्स छैन भन्चन्। अब तपैँको पाटीसित को डराउँच र भनेर मैले उनलाई रयाखरयाख पारेँ। उनले आफ्नो पाटी कारखाना भएको, त्याहाँ खारखुर पारेर नेता कार्यकर्ता आर्को पाटीमा पठाउने गरेकोले सानो भएको भनेर चित्त बुझाउने कुरो गरे।

आफू त पत्रकार पनि भएको हुनाले सबै पाटा पक्षमा कुरोकानी त गर्ने परो। त्यै भएर मैले फेरी उनलाई हैन तपैँको पाटीले त हाम्रा दाइने बायाँतिरका ठूलाठूला छिमेकीलाई साम्राज्यवादी भनेछ। किन भनेको ? उनले ऐले नै के साम्राज्य फैलाए र ? नेपालका कम्निस पाटीहर्ले सात समुन्द्र पारीका खैरे कुइरेका मुलुकलाई त साम्राज्यवादी भन्दै आएकै हुन्। गुज्जर भैय्याको मुलुकलाई त विस्तारवादी पो भन्थे। तपैँका पाटीले पनि विस्तारवादी भन्थ्यो। ऐले किन साम्राज्यवादी भनेको भनेर सोधीन गर्दा उनले भने - 'हाम्रो पाटीले दूरगामी निर्ने गर्च। २० बर्स पछि हुने कुरो ऐले नै भन्च। दख्खिनतिरको मुलुकले आफ्ना ओरीपरिका मुलुकलाई कसरी हैरान पारेको छ त्यै भएर भनेको। उत्तरतिरकाले पनि कुइरे साम्राज्यवादीसित जोरी खोजी राख्या छन्। बीसपच्चीस बर्सपछि त साम्राज्यवादी हुन सक्चन्। हाम्ले ऐले भनेको कुरो पछि मिल्च। माउवादीले जनयुद्ध शुरुगर्दा पनि हाम्ले यो जनयुद्ध सफल हुन्न भनेका थिम् पछि मिल्यो नि। कामरेड पर्चन्नलाई हाम्रा सिंहले बीस बर्स पैला नै यो बाहुन क्यारिरिष्ट छ है भन्नु भा'थ्यो, मिल्यो कि मिलेन भननुस् त। हो त्यै भएर उनीहर्लाई साम्राज्यवादी भनेको कुरा बीस बर्स पछि मिल्यो भने हामी दूरदर्सी भएनौँ त ?'

तपैँको पाटीले कैल्यै पनि क्रान्ति नगर्ने तर क्रान्तिकारी हामी भन्दा आर्को छैन भन्नु हुन्च किन होला भनेर सोधेको उनले - 'हाम्ले त क्रान्ति गर्न पर्च है भनेर बाटो देखाउने पो हो त हाम्ले नै क्रान्ति गर्नै पर्च भनेको त हैन नि। मार्कस बुढाले तेत्रो सिद्धान्त निकाले, के उनले क्रान्ति गरेका थे र ? तर पनि संसारका कम्निसले उनकै सिद्धान्त ठिक भनेका छौँ त। हाम्ले नै क्रान्तिकारी कुरो गरेपछि हामी जस्तो अब्बल क्रान्तिकारी नभएर अरू को हुन्च ?' भनेर उल्टै खाउँलाझैँ गरेर हकारे। त्यसो भए क्रान्ति गर्ने कुरो हैन भन्ने मात्रै हो त ? भनेर मैले उयी कुरो दोहोर्याएर सोधेँ। उनले भने - 'हो त। त्यै भएर त हाम्ले माउवादीको जनयुद्धलाई हत्या हिंसा गर्ने उग्रवादी भड्काउ भनेका हुम्। तेत्रा साम्राज्यवादी मुलुको बिचमा बसेर क्रान्ति गर्न सकिने कुरो हो र ?' त्यसो भए क्रान्ति नगर्ने त भनेर सोधेँ। उनले - 'पचास सय दुइसय बर्स पछि परिस्थिति मिल्यो भने कसैले क्रान्ति गर्ला नि। त्यो बेला हाम्रै पाटीले गर्च' भने।

तपैँको पाटीको महाधिवेसनमा त यतिखेर अल्पमत र बहुमत भनेर दुइटा दस्तावेज आएछन्। ऐलेसम्म यस्तो भएको थे'न। तर सिंहलाई चुनौती त दिएछन् नि भनेर सोधनी गर्दा उनले भने - 'दुइचार जना स्याल, फ्याउराहर्ले सिंहसित जोरी खोजेर के नाप्थे र ? सिंह भनेका सिंहै हुन्। स्यालले सिंहसित जोरी खोजेर जित्न सक्छ र ? लुथ्रुक्क परेर सिंहसित आत्मसमर्पण गरिहाले।' अरू फ्याउरा, स्याल, कुकुर, बिरालाले नसकेर आर्यघाट जान दिन गनेका सिंहलाई नै नेताको पगरी किन गुथाएको। सिंहलाई नै गराउनु थ्यो भने पनि तिनै बुढो सिंहका डमरु सिंह वा पोथी सिंहनी पनि थे त तिनैलाई बना'को भए हुन्थेन भनेर सोधेको प्रश्नमा उनले भने - 'यस्ता अन्ठ सन्ठ प्रश्न गर्ने तपैँ पत्रकार हो कि सिआइएको एजेण्ट हो ? हाम्ले जेसुकै गरम् तिम्लाई केको खाँचो पर्यो' भनेर झन्नै कुटेनन्। हैट, भनेर म त झोला टिपेर कुलेलाम ठोकिहालेँ।

१४ असार २०७६

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबारे क्रान्तिकारी माओवादीको ताजा राजनीतिक विश्लेषण

*अन्तर्राष्ट्रिय परिस्थिति*

१. आज विश्वमा विभिन्न साम्राज्यवादी मुलुक र अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूका बीच आर्थिक, राजनीतिक तथा सामरिक रूपमा आ-आफ्नो प्रभुत्वका निम्ति परस्पर तीव्र प्रतिस्पर्धा चलिरहेको छ । यी देशहरूमा पुँजी र श्रमका बीच विभिन्न समयमा अन्तरविरोधहरू चर्कँदै गएका छन् । एसिया, अफ्रिका तथा दक्षिण अमेरिकाका विभिन्न उत्पीडित मुलुकहरू एकातिर भूमण्डलीकृत साम्राज्यवादको उत्पीडनमा छट्पटाइरहेका छन् भने अर्कोतिर ती त्यस प्रकारका उत्पीडनका विरुद्ध पनि सङ्घर्षगर्दै आएका छन् । अमेरिकी साम्राज्यवाद एकातिर दिन प्रतिदिन कमजोर बन्दै र अर्कोतिर सबैभन्दा बढी आक्रामक रूपमा पेश हुँदै गएको छ ।

२. डोनाल्ड ट्रम्प राष्ट्रपति बनेयता अमेरिकाले संरक्षणवाद अवलंबन गर्न पुगेको छ भने चीनले संरक्षणवादको विरोध गरिरहेको छ । यसै पृष्ठभूमिमा केही समय यता अमेरिका र चीन बीच आर्थिक क्षेत्रमा व्यापारयुद्ध चर्कँदै गएको छ । अहिले अमेरिकाले चीनबाट आयात गरिने सामानमा व्यापक मात्रामा करबृद्धि गरेको छ भने चीनले पनि बदलामा सोही नीति अवलंबन गरेको छ । यसै क्रममा अमेरिकाले चीनको हुआवे कम्पनी माथि प्रतिबन्ध लगाउने प्रक्रिया अगाडि बढाइरहेको छ र चीनले पनि त्यसको बदला लिने तयारी गरिरहेको छ ।

३. यो बेला विश्वमा एकातिर रुस-चीन र अर्कोतिर अमेरिकी ध्रुवका बीच परस्पर विरोधी गठबन्धन प्रबल बन्दै गएका छन् भने अर्कोतिर युरोपीयन युनियनका अधिकांश मुलुकहरू आफ्नो स्वतन्त्र अस्तित्व तथा भूमिकाका निम्ति क्रियाशील हुँदै गएका छन् । यसरी आज विश्व बहुध्रुवीय बन्दै गएको छ ।

४. आज उत्तर कोरिया, सिरिया, इरान, क्युवा, भेनेजुयेला जस्ता देशहरू एकातिर अमेरिकी साम्राज्यवादको कोपभाजन, हैकम, प्रभुत्व, आर्थिक नाकाबन्दी, हस्तक्षेप तथा सामरिक चुनौतीका शिकार बन्न गएका छन् भने अर्कोतिर तिनले अमेरिकी साम्राज्यवादका त्यस प्रकारका हस्तक्षेप तथा चुनौतीको डटेर सामना गरिरहेका छन् । अहिले पनि विश्वका तमाम उत्पीडित मुलुकहरूको राष्ट्रिय स्वाधीनताका निम्ति प्रमुख बाधक अमेरिकी साम्राज्यवाद नै हो र विश्वका विभिन्न मुलुकहरूले पनि अमेरिकी साम्राज्यवादका विरुद्ध सक्दो सङ्घर्ष गरिरहेका छन् ।

५. आज विश्वमा परमाणु तथा साइबर युद्धको खतरा बढ्दै जान थालेको छ । २०१८ फरवरीमा अमेरिकाद्वारा अमेरिका-रुस मध्यम दूरीको परमाणु सम्बन्धी सन्धि (आइ.एन.एफ्) लाई निलम्वन गरेको र त्यसको लगत्तै रुसद्वारा पनि सो सन्धिलाई निलम्वित गरेको दुबै तर्फबाट घोषणा गरियो । अहिले विश्वका विभिन्न देशहरू हतियार निर्माणको होडबाजीमा लागि रहेका छन् । अमेरिकाले आउँदो ३० वर्ष भित्र दशौं खर्व अमेरिकी डलर यस्ता हतियारहरूको उत्पादनमा लगाउने योजना बनाइ रहेको छ । चीनले पनि जल, थल र आकाश तीन ओटै क्षेत्रमा आधारित परमाणु हतियारहरूको निर्माण गरिरहेको छ । अहिले अमेरिका र रुससित मात्रै ९० प्रतिशत परमाणु हतियार रहेका छन् । यसै क्रममा इरान, उत्तर कोरिया लगायतका देशहरूले पनि आत्मरक्षाका लागि यस खाले हतियार बनाउने तर्फ आवश्यक ध्यान दिइरहेका छन् । यहाँनेर विचित्र कुरा के छ भने अतिमहाशक्ति मुलुकहरूले विशाल मात्रामा पारमाणविक हातहतियारहरूको निर्माण गर्दा त्यो "विश्वशान्ति" र "मानव अधिकारको" पक्षमा हुने, परन्तु कमजोर मुलुकले त्यही काम गर्दा हिंसा, आतङ्कवाद एवम् मानव अधिकारको हनन् बन्नजाने गरेको छ । परन्तु वास्तविकताको अर्को पाटो के पनि छ भने विज्ञान तथा प्रविधिको विकास सितै शोषित पीडित मुलुकहरूका लागि पारमाणविक हतियारहरूको निर्माण सरल, सहज तथा सस्तो पनि बन्दै गइरहेको छ र यो अतिमहाशक्ति मुलुकहरूका लागि एउटा चुनौती पनि हो ।

६. अहिले सम्म भारत दक्षिण एसियाको दादा बन्दै आएकोमा अब यो क्षेत्र चीन र अमेरिकाको समेत आकर्षणको एक विशेष केन्द्र बन्न गएको छ । चीनले अवलंबन गर्दै आएको बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआइ) को




रणनीतिको प्रतिकारका लागि अहिले अमेरिकाले इण्डो-प्यासिफिक (हिन्द-प्रशान्त) रणनीति अख्तियार गर्न पुगेको छ । अब अमेरिकाले यस क्षेत्रमा बढ्दै गएको चीनको प्रभावलाई रोक्न भारतको मात्र भर नपरी आफ्नै ढङ्गले पाइला चाल्न थालेको छ र भारतलाई सो रणनीतिको साझेदार बनाएको छ । यसरी हेर्दा, अब नेपाल तीन ठूला देशको त्रिकोणात्मक सङ्घर्षको केन्द्र बन्न गइरहेको देखिन्छ । साथै, दक्षिण एसियाली क्षेत्रका सन्दर्भमा ध्यान दिनु पर्ने अर्को विषय के पनि छ भने भारतले यस क्षेत्रमा पाकिस्तानको भूमिका कमजोर बनाउनका लागि सार्कलाई निषेध गरी बिम्स्टेकलाई प्राथमिकता दिन पुगेको छ । परन्तु, अर्कोतिर चीनले साङ्घाइ सहयोग सङ्गठन (क्सइ) मार्फत् भारत सहित पाकिस्तानलाई पनि समेट्ने काम गरेको छ ।

७. यद्यपि तात्कालिक तथा बाह्य रूपमा हेर्दा आज सामान्यतः भूमण्डलीकृत साम्राज्यवाद र विशेषतः अमेरिकी साम्राज्यवाद बलबान र सर्बहारा वर्ग एवम् उत्पीडित जनसमुदाय कमजोर देखिन्छन् । परन्तु, दीर्घकालीन तथा सारतत्वका दृष्टिले हेर्दा कुरा त्यसो होइन । पछिल्लो कालमा साम्राज्यवादीहरूले अवलंबन गर्दै आएको नवउदारवाद अहिलेसम्म आउँदा आर्थिक तथा राजनीतिक दुवै दृष्टिले असफल सावित हुँदै गएको छ । यो कुरा स्वयम् उनीहरू नै स्वीकार्न बाध्य छन् । २००८ मा अमेरिकामा देखा परेको गम्भीर आर्थिक सङ्कट तथा त्यसको पश्चिमी देशहरूमा परेको असर, अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा नवउदारवादका विरुद्ध ल्याइएको संरक्षणवादको नारा, संयुक्त राष्ट्रसङ्घ सहित अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा विभिन्न अर्थविद तथा राजनीतिज्ञहरूद्वारा प्रस्तुत गरिँदै आएका धनी र गरीवका बीचको बढ्दै गएको खाडल एवम् आर्थिक असमानता जस्ता विषयहरू नवउदारवादको असफलताका केही प्रमुख लक्षण हुन् ।

८. अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवाद प्रभावी रहिआएको स्थितिमा त्यसका विरुद्ध मार्क्सवाद- लेनिनवाद- माओवादका आधारमा क्रान्तिकारी कम्युनिस्ट पार्टी तथा समूहद्वारा आपसी सम्पर्क तथा सम्बन्ध बढाउने र नयाँ अन्तर्राष्ट्रिय निर्माण गर्ने दिशामा केही सकारात्मक प्रयत्न त भएका छन्, परन्तु ती अझै अपर्याप्त नै छन् । क्रान्तिका लागि वस्तुगत परिस्थिति अनुकूल बन्दै गएको वर्तमान अवस्थामा आत्मगत परिस्थिति भने अझै प्रतिकूल नै रहेको छ । आत्मगत स्थितिलाई बलियो बनाउँदै क्रान्तिको तयारीको दिशामा अगाडि बढ्नु नै क्रान्तिकारी कम्युनिस्टहरूको मूल दायित्व हो ।

*राष्ट्रिय परिस्थिति*

१. देशमा कम्युनिस्ट नामधारी, संसदवादी तथा नवप्रतिक्रियावादी सरकार बनेको झण्डै १६ महिना पुरा भइसकेको छ । यस अवधिमा एकातिर राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या झनै जटिल बन्दैगएका छन् भने अर्कोतिर कम्युनिस्टहरूको बदनाम गर्ने काम पनि हुन गएको छ । स्वयं सरकारले पनि यस अवधिमा केही कानुन बनाउने तथा केही पूर्वाधार तयार पार्ने काम बाहेक अरु खासै हुन नसकेको कुरा घुमाएरै भए पनि बाध्यतावस स्वीकार गरेको छ ।

२. देशको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अहिले पनि उत्तिकै संवेदनशील छ । कालापानी-लिम्पियाधुरा क्षेत्रलाई भारतमै गाभी भारतद्वारा बनाइएको नक्सा सच्याइएको छ भनेर सरकारले झुट बोलेको छ । सीमा अतिक्रमणको समस्या यथावतै कायम छ । १० हजार वर्ग किलोमिटर नेपाली भूभाग भारतद्वारा अतिक्रमित भएकोबारे सरकार मौन छ । नेपाल-भारत सीमाका बारेमा इपीजी (प्रवुद्ध व्यक्ति समूह) द्वारा रिपोर्ट तयार पारिएको र त्यसलाई भारतले नबुझेको कुरा प्रकाशमा आए पनि त्यसमा उल्लेख गरिएका विषयबारे जनतालाई अवगत गराइएको छैन । जनसङ्ख्या अतिक्रमण र नागरिकताका समस्या पनि गम्भीर नै छन् । नागरिकता संशोधन विधेयक २०६३को विरोध हुँदै आएकोमा त्यसबारे पनि सरकार गम्भीर देखिँदैन । जलस्रोत तथा प्राकृतिक स्रोतसाधन माथिको हस्तक्षेप अझै बढ्दै गएको छ । पहिले गरिएका सन् १९५० लगायतका असमान सन्धिसंझौताहरू कायमै रहेका छन् । भू.प. गोर्खासित सम्बन्धित १९४७को त्रिपक्षीय असमान संझौता कायमै छ र गोर्खा सेनामा भेदभाव गरिएको छ ।

३. श्रमजीवि वर्ग र उत्पीडित जनसमुदाय जनतान्त्रिक हक अधिकारबाट बञ्चित छन् । सङ्घीयता नाम मात्रको छ र पहिचानको प्रश्नलाई निषेध गरिएको छ । शिक्षा, स्वास्थ्य, खाद्यसम्प्रभुता, रोजगारी र आवास जस्ता विषयलाई मौलिक हकका रूपमा लिइए पनि ती हात्तीका देखाउने दाँत मात्र बन्न गएका छन् । मिडिया काउन्सिल सम्बन्धी विधेयक ल्याएर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता माथि अङ्कुश लगाउने धृष्टता गरिएको छ । विप्लव नेतृत्वको नेकपा माथि प्रतिबन्ध लगाएर, उनीहरू माथि दमन अभियान तेज पारेर र उनीहरूका कतिपय नेता कार्यकर्ताको मुठभेडको नाममा निर्मम हत्या गरेर सरकार फासीवादको अभ्यास गर्न गइरहेको छ । बालिका, किशोरी सहित महिलाहरूको बलात्कार तथा हत्याको प्रक्रिया बढ्दै गएको छ । निर्मला पन्तका बलात्कारी र हत्यारालाई अझै पत्ता लगाइएको छैन । अहिले सरकारद्वारा प्रस्तुत नागरिकता विधेयक, मिडिया काउन्सिल विधेयक मात्र होइन मानव आधिकार आयोग विधेयक, गुठीसम्बन्धी विधेयकका साथै लोकसेवा विज्ञापनका विरुद्ध समेत सशक्त विरोध हुँदै आएको छ । राष्ट्र तथा जनविरोधी विधेयकहरूको हामीले दृढतापूर्वक विरोध गर्नु पर्दछ ।

४. जनजीविकाका समस्या झनै जटिल बन्न गएका छन् । करबृद्धि, महङ्गी, भ्रष्टाचार, कमिसन तन्त्र, विचौलिया तन्त्र, जमीनको खण्डिकरण तथा भूमाफियातन्त्र, बेरोजगारी जस्ता समस्याले जनता निकै पीडित तथा आक्रान्त बन्दै गएका छन् । तेत्तीस किलो सुन तस्करी र वाइडबडी प्रकरणका भ्रष्टाचारीहरूको गम्भीरतापूर्वक छानवीन तथा कारवाहीका सम्बन्धमा ध्यान दिइएको छैन । भ्रष्टाचार र भूमाफियातन्त्र परस्पर जोडिएका छन् । बालुवाटारको १४३ रोपनी जति जग्गा व्यक्तिको नाममा सारिएको छ । सिंहदरवारकै ४६ रोपनी जति जग्गा मिचिएको, पशुपतिनाथ, जनकपुरका जग्गामा वेदखली हुँदै आएको, बन अतिक्रमण बढ्दै गएको, विभिन्न ठाउँमा गुठीका जमीन सम्बन्धी समस्या पनि बल्झिँदै गएको आदि विषय निकै गम्भीर छन् । बजेट पेश गर्ने वित्तिकै मूल्यवृद्धि र महङ्गीको समस्या थप जटिल बन्दै गएको छ ।

सरकारी आर्थिक बजेट पेश गर्दा प्रायशः चालु खर्चतर्फ अत्यधिक बढी र विकास खर्चतर्फ निकै कम रकम छुट्याइएको हुन्छ । त्यही न्यून बजेट पनि निकै कम खर्च हुन्छ । चालु आर्थिक वर्षको १० महिनामा १३ खर्बको बजेटमा विकास तर्फ केबल १ खर्बमात्र खर्च गरिएको देखिन्छ । व्यापार घाटा नेपालको गम्भीर समस्या हो । चालु आर्थिक वर्षमा १३ खरब १५ अर्बको बजेटमा व्यापार घाटा १३ खर्ब १९ अर्ब पुग्न गैरहेको देखिन्छ । व्यापार घाटा हुनुमा एउटा प्रमुख कारण विलासिताका वस्तुहरूमा बढ्दो आयात र कृषिमा परनिर्भरता हो । बढी आयात गरिने सामग्रीहरूमा पेट्रोलियम पदार्थको प्रधानता रहेको छ । स्मरण रहोस्, नेपालले अर्बौंको चामल, गहुँ, मकै (खाद्यान्न), तरकारी तथा फलफूल आयात गर्ने गरेको छ । यहाँसम्म कि नेपालले करोडौंको पानी पनि आयात गर्नु परेको छ । जलस्रोतमा विश्वकै दोस्रो धनी र कृषि प्रधान रही आएको नेपालको यो दुर्दशा छ । नदीनाला विदेशीलाई सुम्पिएको छ, गाउँमा जग्गा बाँझै पल्टिएका छन् । नदीनालाको सदुपयोग गरेमा पेट्रोलियम पदार्थको कम आयात गरे पुग्छ । जमीनको सदुपयोग गरेमा, किसानलाई यथेष्ट कृषि सुविधा तथा अनुदान दिएमा तरकारी र फलफूलको आयात गर्ने स्थिति आउँदैन । आयात प्रतिस्थापन गर्नका लागि निर्यातमुखी उद्योग व्यवसाय तथा कृषि उद्योगहरूको विकास गर्ने तर्फ सरकारको ध्यानै पुग्न सकेको छैन ।

अहिले सरकारद्वारा २०७६/७७ का लागि रु १५ खर्ब ३२ अर्ब ९६ करोडको बजेट पेस गरिएको छ । जसमा चालु खर्च ९ खर्ब ५७ अर्ब, विकास खर्च ४ खर्ब ८ अर्ब, वित्तीय व्यवस्थापन तर्फ १ खर्ब ६८ अर्ब छुट्याइएको छ । सो बजेटको स्रोतमा राजस्वबाट ९ खर्ब ८१ अर्ब, वैदेशिक तथा आन्तरिक ऋणबाट झण्डै ४ खर्ब जुटाइने बताइएको छ । यसरी हेर्दा, विकास खर्च सबै ऋणमा भरपर्नु पर्ने बाध्यता देखिन्छ । स्वदेशी लगानी, कृषि क्षेत्रमा व्यापक अनुदान, तथा कृषिमा आधारित उद्योगहरूको विकास, कृषिको जगमा ठूला राष्ट्रिय उद्योगहरूको निर्माण, प्राकृतिक स्रोत, साधन तथा जलविद्युतको सदुपयोग आदिमा आधारित परियोजनाहरूको निर्माण गर्नेतर्फ सरकारको ध्यान गएको पाइन्न । बजेट वितरणमुखी, पपुलिस्ट र यथास्थितिवादी छ । सारतः यो बजेट नवउदारवाद र बजार अर्थतन्त्रको सैधान्तिक मान्यतामा आधारित छ । यसले स्वाधीन तथा आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास होइन, दलाल तथा नोकरशाही पुँजीवादलाई नै निरन्तरता दिन्छ । यस प्रकारको बजेटले समाजवादको होइन साम्राज्यवादको सेवा गर्दछ । यसरी सरकारको समृद्ध नेपाल र सुखी नेपालीको नारा पुरै हावादारी गफ बन्न गएको छ ।

५. चीन र भारत जस्ता भूभाग, जनसङ्ख्या र अर्थतन्त्रका हिसाबले विशाल दुई छिमेकी मुलुकको बीचमा अवस्थित नेपाल एक भूपरिवेष्ठित देश हो । प्राकृतिक तथा मानवीय स्रोत साधनका दृष्टिले समृद्ध भएर पनि यो अर्धसामन्ती, अर्धऔपनिवेशिक र मूलतः नवऔपनिवेशिक अवस्थामा रहिआएको छ । नेपाल सामान्यतः साम्राज्यवाद र विशेषतः भारतीय विस्तारवादद्वारा उत्पीडित तथा हस्तक्षेपित रहिआएको पनि स्पष्ट नै छ । नेपाल प्रति भारत र चीनको चासो त छँदै छ, त्यसमा थप अहिले अमेरिकाको चासो बढ्न थालेको छ । गत वर्ष नेपालका परराष्ट्र मन्त्रीलाई बोलाई हिन्द-प्रशान्त क्षेत्रमा केन्द्रीय भूमिका खेल्न र हिन्द-प्रशान्त रणनीतिको साझेदार बन्न आग्रह गरिएको विषय उल्लेखनीय रहेको छ । त्यसै बेला नेपालले अमेरिकाको त्यसै रणनीति मातहतको "मिलेनियम च्यालेञ्ज कर्पोरेशन" अन्तर्गत ५० करोड डलर बराबरको सहयोग स्वीकारेको कुरा पनि चर्चामा आएको छ । एक चीन नीति अवलंबन गर्दै र बीआरआई प्रति सहमत हुँदै आएको नेपालका लागि यो अत्यन्तै अशोभनीय विषय हो । यही १८ जेठमा अमेरिकी रक्षा मन्त्रालयद्वारा सार्वजनिक गरिएको हिन्द-प्रशान्त रणनीतिको प्रतिवेदन अनुसार अमेरिकाले २०१९मा ८६ देशसित ७९वटा सैन्य साझेदारी गर्ने भएको छ । तदनुसार, अमेरिकाले ग्लोबल पिस अपरेसन इनिसिएटिभ मार्फत् नेपाल, भारत, बाङ्गलादेश, मलेसिया लगायत हिन्द-प्रशान्त क्षेत्रका १२ देशसित सैन्य साझेदारी विस्तार गर्ने छ । अमेरिकाले नेपाललाई हिन्द-प्रशान्त रणनीतिको साझेदार सदस्य पनि बताएको छ । यद्यपि नेपालले पेन्टागनको सो प्रतिवेदनमा बताइए अनुसार आफू सो रणनीतिको साझेदार नभएको कुरा व्यक्त गरेको छ । परन्तु, सत्य तथ्य उद्घाटित हुने नै छ । यदि कुरा त्यही हो भने नेपालको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकता साथै परराष्ट्र नीति र कूटनीतिमा समेत ठुलो धक्का लाग्ने छ ।

६. अहिले संयुक्त राष्ट्रसङ्घ मार्फत् कतिपय पश्चिमा मुलुकहरूले नेपालमा सङ्क्रमणकालीन न्यायको मुद्दालाई निकै चर्को रूपमा उठाइरहेका छन् । तात्कालीन नेकपा (माओवादी) र सरकारका बीच गरिएको विस्तृत शान्ति सम्झौता अनुरूप गठित सत्यनिरूपण तथा मेलमिलाप आयोग विना कुनै छानविन र निष्कर्ष गत चैत्रमा विघटित गरिएका छन् । संयुक्त राष्ट्र सङ्घको पहलमा पश्चिमा मुलुकहरूले उठाएका द्वन्द्वकालीन न्यायको विषय उक्त आयोगसित सम्बद्ध रहेको छ । उनीहरूका भनाइ अनुसार द्वन्द्वकालीन न्यायका मुद्दाहरूलाई टुङ्गो नलगाई नेपालमा शान्ति प्रक्रियाले पूर्णता हासिल गर्न सक्दैन । ठीक यहींनेर ध्यान दिनुपर्ने अर्को विषय के पनि छ भने सङ्क्रमणकालीन न्यायको प्रश्नलाई हिन्द-प्रशान्त रणनीति संग पनि जोड्न खोजिएको छ ।

७. सरकारमा आसीन र प्रतिपक्षी राजनीतिक दलहरूका बीच अन्तरविरोध चर्किँदै गएका छन् । सरकारमा रहेको पार्टी भित्रको आन्तरिक द्वन्द्व तथा प्रधानमन्त्री सम्बन्धी विवाद पनि चर्किँदै गएको छ । हामीले यस प्रकारका अन्तरविरोधहरू माथि अवश्यै ध्यान दिनु पर्दछ । परन्तु, आज मूल रूपमा एकातिर दलाल तथा नोकरशाही पुँजीपति वर्ग र आम जनसमुदाय, अनि अर्कोतिर नेपाल राष्ट्र र वैदेशिक प्रतिक्रियावाद बीचका अन्तरविरोधहरू पनि चर्किँदै गएका छन् । यो बेला, राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न निकै संवेदनशील र पेचिलो बन्दै गएको छ । हामीले उक्त अन्तरविरोधहरू माथि विशेष ध्यान दिँदै तथा मित्रशक्तिहरूलाई गोलबन्द गर्दै सङ्घर्षको प्रक्रियामा अगाडि बढ्नु पर्दछ ।

८. सरकारद्वारा विप्लव समूहमाथि लगाइएको प्रतिबन्ध र उनीहरूहरूका केही नेता तथा कार्यकर्ताको मुठभेडका नाममा गरिएको हत्या तथा दमनको कडा विरोध तथा भर्त्सना गरी उनीहरूप्रति राजनीतिक व्यवहार गर्न तथा समस्याको राजनीतिक निकास खोज्न जोड दिनु पर्दछ । साथै, विप्लव समूहको राजनीतिक कार्यदिशा रहस्यमय तथा कार्यशैली गलत रहेका छन् । हामीले तिनको पनि विरोध गर्नु पर्दछ ।

९. नेपालमा केही वर्ष यता दक्षिणपंथी संशोधनवाद प्रभावी बन्दै आएकोमा त्यसको एउटा ठूलो हिस्सा पश्चगामी शीविरमा विलीन हुन पुगेको छ । परन्तु, त्यसकै अन्य हिस्सा छद्म अवसरवाद तथा वाम रूपमा प्रकट भएर कम्युनिस्ट आन्दोलनमा अनेकौ विभ्रम खडागर्दै आएका छन् । अर्कोतिर कम्युनिस्ट क्रान्तिकारीहरूका बीच एकीकरणका नयाँ संभावना पनि बढ्न थालेका छन् । त्यस स्थितिमा हामीले एकातिर दक्षिणपंथी अवसरवादको सैद्धान्तिक तथा राजनीतिक विरोध गर्ने र अर्कोतिर क्रान्तिकारीहरूलाई एकतावद्ध तुल्याउने जुन नीति अवलंबन गर्दै आएका छौं त्यसलाई अझै प्रभावकारी ढङ्गले अगाडि बढाउनु पर्दछ ।

१०. कम्युनिस्ट नामधारी वर्तमान सरकार नाङ्गिँदै जान थालेको र सत्ताधारी प्रतिक्रियावादी वर्ग तथा तिनको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीहरू अनेकौं आन्तरिक तथा बाह्य अन्तरविरोधहरूमा जेलिँदै गएको स्थितिमा नयाँ जनवादी क्रान्तिको तयारीका निम्ति वस्तुगत परिस्थिति अनुकुल बन्दै गएको देखिन्छ । परन्तु, त्यसको तुलनामा आत्मगत स्थिति भने अझै कमजोर छ र त्यसलाई सुदृढ तुल्याउन विशेष परिश्रम गर्नु पर्ने आवश्यकता छ ।

*(राजनीतिक प्रतिवेदन, नेकपा (क्रान्तिकारी माओवादी)को २०७६ असार १२-१७ सम्म सञ्चालित के.स.को बैठकमा पारित, मा आधारित)*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# क्रान्तिकारी मजदुर आन्दोलनको दिशा

## *(क्रान्तिकारी ट्रेड यूनियन महासंघको सम्मेलनमा अध्यक्ष इश्वर तिम्सिनाद्वारा प्रस्तुत तथा पारित राजनीतिक प्रस्ताव)*

यस सम्मेलनका आदरणीय अध्यक्ष मण्डल, प्रमुख अतिथि, अतिथिहरू तथा विभिन्न तह र तप्का बाट पाल्नुभएका आमन्त्रित अतिथिहरू, साथै सम्मेलनमा सहभागी आयोजक, प्रतिनिधि तथा पर्यवेक्षक साथीहरूमा क्रान्तीकारी अभिवादन टक्र्याउन चाहन्छु । श्रमिकवर्गको लक्ष्य, उद्देश्य हासिल गर्ने ध्येय बोकेर अनवरत संघर्षशील हाम्रो महासंघको राष्ट्रिय सम्मेलनको यस गरिमामय अवसरमा महान सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छौं । विभिन्न क्रान्तिकारी युद्ध र संघर्षहरूमा श्रमिकवर्गविरोधी राज्यसत्ताद्वारा बेपत्ता पारिएका योद्धाहरूको स्मरण गर्न चाहन्छु । विभिन्न कालखण्डमा भएका संघर्षहरू तथा महान् जनयुद्धका दौरानमा घाइते भएका योद्धाहरूप्रति गर्बिलो सहानुभूति तथा समानुभूति व्यक्त गर्न चाहन्छु ।

२०६८ को राष्ट्रिय भेलापछि हुन गइरहेको यो सम्मेलनले श्रमिक आन्दोलनका क्षेत्रमा यो पाँच वर्षको अवधिमा हामीले सिर्जना गर्न खोजेको बहस र संघर्ष उठानको आगामी योजनाको चित्र प्रस्तुत गर्ने जमर्को गर्न गइरहेको छौ ।

हामी सबैलाई थाह नै छ कि २०६८ को राष्ट्रिय भेला क्रान्तिकारी श्रमिक आन्दोलनको आधार खडा गर्ने र सबै खाले विजातिय प्रभावलाई पराजित गरेर नयाँ आधारमा पुनर्गठन गर्न गरिएको गम्भीर प्रयत्न थियो । विपरीतहरूको एकत्वको नियमानुसार नै यस पुनर्गठनको अभियानभित्र विभिन्नखाले चिन्तन प्रवृत्ति पनि सँगसगै गुजुल्टिएर आएका थिए । खास गरी श्रमिक आन्दोलनको क्रान्तिकारी दिशा पकड्ने तथा गन्तव्यहीन अकर्मण्यतामा रुमलिदै एकताका नाममा वा उत्तेजना र भावनासहित तत्काल श्रमिकवर्गको विजयको काल्पनिक चाहनामा जुझारु/अर्थवादी बाटो अनुसरण गर्ने जस्ता मूल प्रवृत्ति विद्यमान थिए- अर्थवादी, जुझारु अर्थवादी र क्रान्तिकारी । तत्कालिन अवस्थामा वर्गिय तथा राष्ट्रिय आत्मसमर्पणको बाटो हुँदै दलाल तथा नोकरशाही पुँजीपतिवर्गको जुवामा नारेर समाप्त हुनै लागेको श्रमिक आन्दोलनको झण्डालाई पितट्रेडयूनियनवादीहरूबाट खोसेर क्रान्तिकारी स्वत्व र गरिमालाई जोगाउनका निमित्त गरिएको प्रयत्नस्वरूप बनेको अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको गठन आफैमा एउटा गौरवशाली पहल कदमी थियो । त्यसैको जगमा हामीले श्रमिक आन्दोलनको क्रान्तिकारी भविष्य निर्माण गर्ने महान सपना देख्न संम्भव भएको थियो । २०६८ देखि आजसम्म आइपुग्दा ६ वटा राष्ट्रिय भेला भए अखिल नेपाल ट्रेड यूनियन महासंघभित्र चलेका बहस, विवाद र संघर्षको उत्कर्षको रूपमा हामीले अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको गठन गरेर वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवादी तत्वसंग सम्बन्ध विच्छेद गरेको थियौ । तत्कालिन उपाध्यक्ष बद्रि बजगाईँको नेतृत्वमा क्रान्तिकारी श्रमिक आन्दोलनको जग बसालेका थियौं । देशको तरल राजनैतिक अवस्था र हाम्रो सुदृढ एकता र परिपक्वताको कमजोरीका बीचमा विभिन्न राजनीतिक रुचीहरूको दाउँपेचका रूपमा लगतै भएको दोश्रो राष्ट्रिय भेला (२०६८ चैत्र १७) द्वारा रामदिप आचार्यलाई महासंघको संयोजक बन्ने परिस्थिति पैदा भयो । नेतृत्व निर्माण र विकास गर्ने विधि र पद्धतिका दृष्टिले मात्र होइन, नेतृत्व प्रतिस्थापन गर्ने विधिका हिसाबले समेत पनि त्यो हामीले भन्दै आएको जनवादी केन्द्रियताको उदेकलाग्दो प्रयोग थियो । यद्यपि दुई वर्षे यो अवधि श्रमिक आन्दोलनप्रति विविधतायुक्त बुझाई र अभ्यासका हिसाबले प्रचारात्मक रहे ।

श्रमिक आन्दोलनको आधारभूत तहबाट विकास भएर आएका र अन्य भूमिका र राजनैतिक परिवेशबाट आएकाहरूका बीचमा समेत आन्दोलनका स्वरूपसम्बन्धी बहसका बीचमा विभिन्न समीकरणहरू निर्माण हुने र भत्कने क्रम चलिरहे । मुख्य रूपमा ३ वटा समीकरणयुक्त महासंघ त्यो टिम धेरै समय संगै जान सकेन । रातारात र तत्काल क्रान्तिको धुनमा लागेका साथीहरूको एउटा समूह चोइटिएर अलग भए । यसै अवधिमा चौथो राष्ट्रिय भेला हुन पुग्यो र त्यस भेलाले रामदिप आचार्यलाई प्रतिस्थापन गरी सोनालाल साहको नेतृत्वमा पुनगर्ठनको कोशिस भयो । तरल राजनैतिक परिस्थिति र तत्कालिन अवस्थामा चलेको दक्षिणपंथी हावाहुरीका बीच डोलायमान हुँदै सोनालाल साह नेतृत्वको बहुमत टिम क्रान्तिकारी श्रमिक आन्दोलनबाट पलायन भयो । २०७३ साल जेष्ठ महिनासम्म आइपुग्दा महासंघभित्र विद्यमान तरलता, बिघटन र दक्षिणपंथी हावाहुरीको प्रभावले उत्कर्ष प्राप्त गऱ्यो । २०७३ जेष्ठ महिनापछि श्रमिक आन्दोलनको क्रान्तिकारी झण्डालाई समाल्दै पुनः गठनको प्रयास भएपश्चात् दुईजना कार्यालय सदस्यको पलायन र महासंघद्वारा उनीहरू माथिको कारवाही बाहेक संगठनात्मक रूपमा बिघटनको प्रक्रिया रोकिदै विकासको प्रक्रियामा अगाडि बढायो । २०७३ साल फाल्गुण महिनामा नेपाल प्रगतिशील ट्रेडयुनियन महासंघ तथा त्यस पश्चात् न्यूक्लियसका बीचमा भएको एकताद्वारा प्राप्त उर्जासहित ट्रेड युनियन महासंघको विस्तार र सुदृढीकरणको प्रक्रियाले गति प्राप्त गऱ्यो । यसै प्रक्रियाको निरन्तरतास्वरूप अहिले देशका ७ वटै प्रदेशमा संगठन निर्माणको आधार तयार भएका छन् । १ देखि ५ नं. प्रदेशसम्म महासंघको संरचना निर्माण भइसकेका छन् भने ६ नं. प्रदेशमा सम्पर्क र ७ नं. प्रदेशमा जिल्ला स्तरिय महासंघ गठन भई नियमित कामहरू भइरहेका छन् । पेशागत हिसाबले निर्माण, होटल, यातायात, अटो, पर्यटन, सेक्यूरिटी, गलैचा, धातु, उद्योग पेन्टर आदिका केन्द्रिय संरचना निर्माण भएका छन् भने विभिन्न जिल्लाहरूमा समेत महासंघ गठन भइरहेका छन् । यी ६ वर्षका अवधिमा महासंघले एकता संघर्ष र फुट प्रक्रिया बेहोर्दै पुनः नयाँ आधारमा एकता, संघर्ष र रूपान्तरणसहित नयाँ एकताहुँदै विकास, विस्तार र सुदृढहुँदै अगाडि बढिरहेको छ ।

**अन्तर्राष्ट्रिय परिस्थिति**

आजको विश्वको प्रधान अन्तरविरोध भनेको श्रम र पुँजी बीचको अन्तरविरोध हो । लेनिनले भने झैं साम्राज्यवाद तथा सर्वहारा क्रान्तिको युग हो । आजको साम्राज्यवादले भूमण्डलीकृत चरित्र ग्रहण गरेको छ । भूमण्डलीकरण विश्वव्यापीकरण, उदारीकरणको नीतिअनुरूप पुँजी लगानी र नाफा सोहोर्ने होडमा विश्वका पुँजीपतिवर्गका लागि उदारिकरणका आमनीतिका आधारमा प्रतिस्पर्धा गर्ने बाटो खोलिएको हो । विश्वलाई एउटा देश मानेर खुकुलो भन्सार नीति, लगानीमैत्री राज्य प्रशासन, लगानीमैत्री कानून, लगानीमैत्री, ट्रेडयुनियन आदि नाराहरूलाई कार्यान्वयन गर्न सवल, समृद्ध र साम्राज्यवादी राष्ट्रद्वारा उत्पीडित, अल्पविकसित र तेस्रो विश्वका मुलुकहरूलाई समेत नयाँ प्रकारको औपनिवेशिकता र थोपरिरहेको छन् । प्रविधि र पुँजीको प्रचुरतासहित विश्वव्यापी लगानी र नाफा सोहेरेर धनी राष्ट्रहरूले आफ्नो देशको औजार र प्रविधि बिक्री गरेर खर्बौं सम्पत्ति थुपारिरहेका छन् । तेस्रो विश्वका मुलुकहरू संसारभर श्रमिक निर्यात गर्ने स्थितिमा छन् । यसरी हेर्दा साम्राज्यवाद तथा औपनिवेशिक मुलुक र जनता बीचको अन्तरविरोध पनि पेचिलो र तिव्र बनिरहेको छ ।

एकातिर पुँजीपतिवर्गले राज्य सत्तामा आफ्नो प्रभावलाई मजबुत बनाउँदै लगिएको छ भने अर्कोतर्फ कमजोर र तेस्रो विश्वका मुलुकहरूमा समेत प्रभावलाई विस्तारित गरिरहेको छ परिणामतः तेस्रो विश्वका मुलुकहरू साम्राज्यवादका दलालहरूद्वारा सञ्चालित हुन पुगेका छन् । साम्राज्यवादका दलाल शासक तथा जनसमुदाय बीचको अन्तरविरोध पनि तिव्र बन्दै गइरहेको छ ।

व्यापारिक नाफाका निमित्त प्रतिस्पर्धामा उत्रेका संसारका थैलीपतिहरू आफैले घोषणा गरेको उदारीकरणविरुद्ध लगानी र नाफामा विशेष अधिकारको माग गरेर व्यापारिक युद्धको धम्की र दबाब अगाडि बढाइरहेका छन् । खास गरी अमेरीकी सभ्यताको पुनर्योदयको नारामा अमेरिकी संरक्षणवाद तथा अन्य प्रतिस्पर्धी मुलुकको व्यापारिक युद्ध पनि अब सतहमा आइसकेको छ र चीन तथा अमेरिकी व्यापारिक युद्धमा अर्बौं डलर क्षति बेहोरिरहेको कुरा सार्वजनिक भइरहेको छ । अन्तरसाम्राज्यवादी युद्धको नयाँ मोडेल व्यापारिक युद्धको रूपमा एउटाले अर्काको व्यापारिक क्षति पुऱ्याउने शैलीमा देखा परेको छ ।

यी सबै स्थिति र अन्तरविरोधका वावजुद श्रमिकवर्गको विश्वव्यापी शोषण र पुँजीपतिवर्गको विश्वव्यापी प्रभावका बीचमा नयाँ टक्कर पनि सुरु भइरहेको छ । उदारीकरणले पुँजी, लगानी र व्यापारलाई मात्र विश्वव्यापी बनाएको छैन, करोडौ करोड श्रमिकहरूलाई पनि विश्व श्रम बजारमा फैलाई दिएको छ । तेस्रो विश्वका मुलुकबाट दोस्रो र विकसित मुलुकहरूमा श्रमशक्ति बिक्रि गर्ने र जिविकोपार्जन सरल र सहज बनाउने सपना संसारका श्रमिकहरूको साझा सपना जस्तो हुँदै गएको छ । 'कराइबाट उम्केको माछो भुँग्रोमा' भने झैं युरोप, अमेरिका, मध्यपूर्व वा मलेसिया सबैतिर श्रमशक्तिको शोषण दोहनको चरित्र विश्वव्यापी रूपमा आधारभूत समानता रहेको छ ।

उत्पादन, वितरण र नाफाको केन्द्रिकरण पुँजीवादको आमचरित्र हो र आजको विश्वमा पुँजीपतिहरूको नाफा दिन दुगुणा रात चौगुणा हुँदै फैलिदो छ ।

प्रविधिमा भएको द्रुततर विकास र नयाँ नयाँ खोज र अनुसन्धानले साधारण श्रमिकको विसाल हिस्सालाई बेरोजगार मात्र बनाएको छैन कि दक्ष र उच्च दक्ष श्रमिकहरूसमेत बेरोजगार बनाउँदै लगेको छ । आगामी २० वर्षको अवधिमा ४६% दक्ष जनशक्ति बेरोजगार हुने प्रक्षेपण पनि गरिनथालेको र उच्च दक्षता हासिल गरेका १२% श्रमिकसमेतले रोजगारीबाट हात धुनु पर्ने कुरा हालै अक्स्फाम इन्टरनेशलद्वारा गरिएको कुरा विशेष स्मरणिय छ । त्यसै प्रतिवेदनअनुसार यस वर्ष संसारका आधा जनसंख्याको ११% सम्पत्ति ओरालो लागिरहेको छ भने पुँजीपतिहरूको सम्पत्ति १२% ले वृद्धि भएको छ । श्रमिकहरूको सम्पत्तिमा तिब्रत्तर ओरोलो लाग्नु र अरबपतिहरूको सम्पत्ति वृद्धि हुँदै जानुमा श्रमिक आन्दोलनको विश्वव्यापी दमनलाई समेत कारण बताइएको छ ।

एक प्रतिवेदनअनुसार संसारका १ प्रतिशत व्यापारीहरूको कब्जामा ८२ प्रतिशत कुल सम्पत्तिको केन्द्रिकरण भएको छ भने विश्वका आधा जनसंख्याको सम्पत्ति ११ प्रतिशतले घटीरहेको छ । (अक्सफाम इन्टरनेशनल २.१७) श्रमिकहरूले उत्पादनका साधारण साधनहरू समेत गुमाएर सर्वहाराकृत हुँदै गइरहेका छन् भने २३ जना खर्बपतिको हातमा ५० प्रतिशतभन्दा धेरै सम्पत्ति थुप्रिन पुगेको छ ((हरि रोका) । अघिल्लो वर्ष ४६ जनाका हातमा रहेको सम्पत्ति यस वर्ष २३ जनाको हातमा थुप्रिनुले वर्तमान पुँजीवादी विश्व असमान वितरणको कारण पुर्नै नसकिने खाडलमा आफै पुरिएर संकटग्रस हुने परिस्थिति बनिरहेको छ । त्यसका परिणाम पनि अब सतहमा देखा परिरहेका छन् । खासगरी पुराना र परम्परागत ट्रेडयुनियनहरूका स्थान नयाँ ट्रेडयुनियन आन्दोलनले लिइरहेका छन् । फ्रान्सेली श्रमिकहरूले ९थ्भ्र्यि ख्भकत० सरकार र कर नीतिविरुद्ध चलाएको आन्दोलन त्यसको ठोस दृष्टान्त हो ।

# पौडेल हत्या प्रकरणमा सरकार पूर्वाग्रही रहेको खुलासा



काठमाडौं । वर्तमान ओली सरकार जनता र राजनीतिक पार्टीहरूप्रति निकै नै पूर्वाग्रही छ । पूर्वाग्रहका कारण यसले जनतामा सरकारीतहबाटै विभेद गर्ने गरिरहेको छ । यही विभेदको सिकार भइरहेका छन्, जनता र राजनीतिक पार्टीहरू ।

दुईतिहाई बहुमत भने पनि ओलीको सरकार आफैमा खिचडी सरकार हो । यसमा राजनीतिक पूर्वाग्रह भएका समूह तथा झुण्डहरू सामेल छन् । एकले अर्कालाई भौतिक रूपमै कसरी सिध्याउने भन्ने ध्याउन्नमा रहेका यी खेमाहरू सरकार र सरकारी संयन्त्रलाई दुरूपयोग गरिरहेका छन् ।

वैचारिक रूपमा समस्याको समाधान गर्ने हैसियत र ख्वाब पनि नराख्ने तर अरुले कुनै कुरा उठायो भनेर निकै जलन हुने कमसल चेतनाका सिकारहरू अहिले सरकारमा आसिन हुन पुगेकामा शंका छैन । देशको वर्तमान समस्या र अन्तरविरोध यिनीहरूको सोच, चेतना र पहुँचको सीमाभन्दा धेरै टाढा छ ।

दलाल प्रवृत्तिका सिकार यी सत्तासिनहरू स्वचेतनाले परिचालित पनि हुन सकेका छैनन् । 'जताजता काफल पाक्यो, उतैउतै चरी नाच्यो' को उखानलाई चरितार्थ गर्ने सत्तासिनहरू फरक मत, भिन्न मत वा केही अग्रगामी सोचलाई उनीहरूको भविष्य लिलाम गर्ने अस्त्रको रूपमा देख्न पुग्छन् र आतंकित मानसिकताका साथ दमन, हत्या, प्रतिबन्ध र ग्वेवेलियन प्रचारमा उत्रन्छन् ।

विप्लव नेकपाका कुमार पौडेलको हत्या ठीक यसै कारणले गरिएको हो । उनको हत्यासँगै फासीवादी श्वेत आतंकको भरपूर सुरुआत गरिएको छ । कुमार पौडेलहरूको हत्या गरेर फरक सोच र मतमाथि पूर्वाग्रहका साथ दमनमा उत्रिएको फासीवादी सरकारले युद्धपिपासु प्रवृत्तिलाई बढावा दिँदै गएको छ ।

राजनीतिक पार्टीहरू र जनताले ओली सरकारको फासीवादी यात्रा तुरन्त रोक्न र फरक विचारको सम्मान गरी प्रतिबन्ध रोक्न सचेत गराइरहका छन् । राष्ट्रिय मानव अधिकार आयोगले पनि कुमार पौडेल भिडन्तमा नमारिएको प्रारम्भिक निष्कर्ष निकाल्दै ओली सरकारलाई चेतावनीको औंला ठड्याएको छ ।

कहिले दोहोरो भिडन्तमा मारिएको, कहिले आत्मरक्षाका लागि गोली चलाउँदा मारिएको, त कहिले नियन्त्रणमा लिन गोली हानिएको जस्ता परस्पर विरोधी र मनोगत अभिव्यक्तिहरू आफैमा बनावटी र हास्यास्पद छन् । देशका गृहमन्त्रीले समेत दोहोरो मुठभेडमै पौडेलको मृत्यु भएको भनेर संसदलाई ढाँट्ने र छल्ने काम गरिएको छ ।

कुनै पनि तर्क र छलले काम नगरेपछि गृहमन्त्री रामबहादुर थापा र प्रहरी प्रमुख खनालले पौडेलको विगत हेरेर भए पनि उनी दोहोरो मुठभेडमै मारिएको बुझिदिनुपर्ने भनी सांसदहरूलाई आग्रह गरेका थिए । यो कुन हदसम्मको निचता र बेइमानी हो आफैमा स्पष्ट छ ।

# बहुरूपी प्रम ओली : आफै दण्डाधिकारी, आफै न्यायाधीश, आफै विधायिका !

काठमाडौं । प्रम केपी ओली सरकारको कार्यकारी मात्र नभएर आफै न्यायाधीश र सभामुख पनि हुन थालेकोप्रति जनताको गम्भीर चासो व्यक्त भएको छ । गफ निकै ठूला, महत्वकांक्षी र केही रोमाञ्चकारी जस्ता पनि गर्ने तर व्यवहारमा सानातिना कामहरू पनि अघि नबढाउने देखिएपछि ओली सरकारको आलोचना दिन गुणा र रात चौगुणा हुँदै गएको छ ।

पछिल्लो चरणमा आएर त ओली आफैले भ्रष्टाचार नियन्त्रणको कुरा गर्ने तर भ्रष्टाचारीहरूको रक्षा र बचाउ आफैले गर्दै हिंड्ने गर्न थालेका छन् । जजसको बारेमा सार्वजनिक टीकाटिप्पणी र जनस्तमा नै आलोचना भइरहेको छ, तिनैलाई ओलीले 'निर्दोष' भन्दै हिंडिरहेका छन् । प्रधानमन्त्रीको यो दोहोरो चरित्र आफैमा 'न्यायाधीश' हुन पुगेको उदाहरण हो । ठीक यसैलाई उल्ट्याउँदै ओली विभिन्न आयोगहरू पनि गठन गर्दै हिंडिरहेका छन् । आयोग पनि आफै गठन गर्ने र निर्दोषिताको प्रमाणपत्र पनि उनी आफैले दिँदै जाने हो भने जनताका बीचमा 'भ्रष्टाचार पनि गर्दैन र भ्रष्टाचार गर्न पनि दिँदैन' भन्ने नाटक किन गरिरहने ?

अहिले उनकै मन्त्रीमण्डलभित्रका मन्त्रीहरू सबैभन्दा बढी भ्रष्ट छन् । उनको सत्ताधारी पार्टी डबल नेकपा नै सबैभन्दा बढी अनियमितता र बिचौलियाको खेलमा जोडिएको छ । उनकै पार्टीभित्र भूमाफियाहरू छन् । उनकै पार्टी महासचिव विष्णु पौडेलले माफियाहरूबाट बालुवाटारको ४ रोपनी जग्गा नजराना पाएका छन्, यसबारेमा ओली आफ्नै मुखबाट ' विष्णुले किनेर लिएको' भनी चोख्याउन उद्दत देखिन्छन् ।

ओलीले पछिल्लो चरणमा विधायिकालाई छलेर निकै काम गरिरहेका छन् । विधायिकाप्रति उत्तरदायी हुनुपर्ने प्रधानमन्त्री त्यही सार्वभौम विधायिका छल्दै हिंडन र मनपरी गर्न थालेका छन् । गुठी विधेयक फिर्ता विधायिकामाथि हस्तक्षेप गरेर विधायिकी प्रक्रिया विना नै ओलीले गर्न लगाए । व्यापक सार्वजनिक आलोचनापछि पछिल्लो चरणमा आएर विधायिकाबाटै ओलीले त्यो विधेयक फिर्ता गर्न लगाए ।

ओलीको यी र यस्ता कर्महरूले उनी फासिवादी दिशामा अघि बढिरहेको प्रष्ट संकेत गरेको छ । विश्लेषक तथा आलोचकहरू त यतिसम्म पनि निष्कर्षमा पुगेका छन् कि उनका बारेमा व्यापक सार्वजनिक टीकाटिप्पणीलाई मात्र कारण बनाएर संकटकाल घोषणा गरेर पनि सत्ता चलाउनेतर्फ उद्दत देखिएका छन् ।

# अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को सह्रानीय पहल

## *सरकारद्वारा जेनी खड्कालाई राहत रकम प्रदान*



काठमाडौं । एसिड प्रहारबाट उपचाररत दोलखाकी जेनी खड्कालाई सरकारले केही नगद राहत प्रदान गरेको छ । आफ्नै श्रीमानबाट एसिड प्रहारपछि गम्भीर घाइते बनेकी दोलखाकी जेनी खड्का अहिले उपचारको क्रममै छिन् । अनुहार र घाँटीमा एसिड प्रहार भएपछि उनको उपचारका लागि अखिल नेपाल महिला संघ (क्रान्तिकारी) ले राहत सहयोग र कानूनी उपचारको लागि निरन्तर पहल गर्दै आइरहेको थियो ।

पीडित खड्काको बारेमा अनेम संघ (क्रान्तिकारी) ले सरकार लगायतका विभिन्न संघ/संस्थालाई पनि सोको गम्भीरताको बारेमा जानकारी गराएको थियो । ढिलै भए पनि ओली सरकारका तर्फबाट पीडितलाई भेट्ने र केही आर्थिक राहत प्रदान गर्ने गरेको छ । यसका लागि पहल गरिरहेको अनेमसंघ (क्रान्तिकार ी)ले सरकार र अन्य सहोगी तथा संस्था तथा व्यक्तिहरूलाई धन्यवाद ज्ञापन गरेको जनाएको छ ।

# साम्राज्यवादी सङ्कट र वैज्ञानिक समाजवादको भविष्य



● इन्द्रमोहन सिग्देल ●

**नव-उदारवाद सफल कि असफल भन्ने बहस यतिबेला केही अर्थशास्त्री र प्रगतिशील पत्रपत्रिकामा मात्र सिमित रहेको छैन । यो विषय विश्वका दुई अतिमहाशक्ति देशहरू अमेरिका र चीनका बीचमा एउटा गम्भीर बहसको मुद्दा बन्न गएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प भूमण्डलीकरण तथा नव-उदारवादका विरूद्धमा र संरक्षणवादको पक्षमा उभिएका छन् भने चीनका राष्ट्रपति सि जिन पिङ्ग संरक्षणवादको विरूद्ध र नव-उदारबाद र भूमण्डलीकरणको पक्षमा ।**

यो साम्राज्यवाद तथा सर्बहारा क्रान्तिको युग हो । यसलाई लेनिनको युग पनि भनिन्छ । लेनिनले साम्राज्यवाद भनेको मरणासन्न पुँजीवाद अर्थात समाजवादी क्रान्तिको पूर्वसन्ध्याको पुँजीवाद हो भन्नु भएको थियो । यतिबेला साम्राज्यवाद गम्भीर आर्थिक सङ्कटबाट गुज्रिरहेको छ । यो सङ्कट पुँजीवादी अर्थतन्त्रको अन्तरनिहित अन्तरविरोधको अनिवार्य परिणाम हो । निजी स्वामित्व र सामूहिक उत्पादन पूजीवादी उत्पादन सम्बन्धका आधारभूत विशेषताहरू हुन् । त्यसमाथि, पुँजीवादी देशमा उपभोग्य वस्तुको उत्पादन समाजको आवश्यकता र राष्ट्रिय योजनाका आधारमा गरिदैन । पुँजीपतिले नाफालाई केन्द्रमा राखेर मालको उत्पादन गर्दछ । यसलाई उत्पादनको अराजकता भनिन्छ । यो पुँजीवादी उत्पादन पद्धतिको अर्को विशेषता हो । निजी स्वामित्व र सामुहिक उत्पादनका बीचको अन्तरविरोध नै पुँजीवादी व्यवस्थाको आधारभूत अन्तरविरोध हो । यही अन्तरविरोधका कारण पुँजीवाद सधैं आर्थिक सङ्कटमा परिरहन्छ । यतिमात्र हो कि कहिले त्यो सङ्कट अलि सामान्य हुन्छ त कहिले अलि बढी गम्भीर । तर समग्रमा यो सङ्कट पूजीवादको अन्त नहुँदासम्म बर्तुलाकार ढङ्गले उत्कर्ष तिर अगाडि बढिरहन्छ ।

ईतिहासमा हामीले थुप्रै आर्थिक सङ्कटहरू सुनेका र देखेका पनि छौं । तीमध्ये ५वटा सङ्कटहरू निकै गम्भीर र खतरनाक आर्थिक सङ्कट मानिन्छन् । पहिलो, १७७२मा बेलायतबाट सुरुभएर युरोपसम्म विस्तार भएको क्रेडिट सङ्कट दोस्रो, १९२९देखि १९३९सम्मको विश्वव्यापी महामन्दी तेस्रो, १९७३मा अरब राष्ट्रहरूले अमेरिकाविरुद्ध पेट्रोलियम पदार्थमा लगाएको नाकाबन्दीका कारण पैदाभएको अमेरिकी आर्थिक सङ्कट चौथो, १९९७मा थाईल्याण्डबाट सुरुभएर एशियाई मुलुकहरूमा विस्तार भएको वित्तिय सङ्कट र पाचौं, २००८मा अमेरिकाबाट सुरुभएर विश्वभरी विस्तार भएको पछिल्लो वित्तिय सङ्कट । यी मध्येका प्रत्येक सङ्कटहरू त्यसको अघिल्लो सङ्कट भन्दा गम्भीर र डरलाग्दा रहेकाछन् र ती देशलाई सङ्कट पुर्वको स्थितिमा फर्किन दशौं वर्ष लागेको देखिन्छ । प्रत्येक आर्थिक सङ्कट पछिका वर्षहरू विश्वभरी नै निकै ठूला-ठूला राजनीतिक उथल-पुथलका बर्ष पनि हुनेगरेका छन् ।

यो पछिल्लो आर्थिक सङ्कट को प्रभाव अहिलेसम्म सकिएको छैन । केही अर्थशास्त्रीहरूले आगामी दिनहरूमा अहिलेको भन्दा झन डरलाग्दो सङ्कट आउने भविष्यवाणी गरेका छन् । यही सन्दर्भमा सेप्टेम्बर २२, २०१६मा प्रकासित बेलायती अनलाईन पत्रिका एक्सप्रेसमा एकजना अमेरिकी लगानीकर्ता टाड रिभेललाई उधृतगर्दै लाना क्लिमेन्ट्सले लेखेका छन्, "२००८देखि आजसम्म आउंदा अमेरिकाको निगम ऋण २ ट्रिलियन डलरबाट बढेर ६ ट्रिलियन डलर (६० खरब डलर) पुगेको छ । ... ... ऋणको यो फोका अब धानिन सक्दैन । ... ... विश्वभरी ठूलो वित्तिय दुर्घटना सन्निकट छ ।" यो विश्लेषण सत्यको नजिक देखिन्छ । प्रत्येक आर्थिक सङ्कट पछि राष्ट्रहरूको ऋण थपिने गरेको छ, सिमीत मान्छेहरू धनी बनेका छन् र गरीवहरू झन-झन गरीव बन्दै गएका छन् । निरन्तर चल्दै आएको यो प्रक्रिया अहिले अझ द्रुत गतिमा अगाडि बढिरहेको छ ।

प्रत्येक आर्थिक सङ्कट पछि साम्राज्यवादीहरूले पूजीवादी अर्थनीतिमा सामान्य फेरबदल गर्ने र आर्थिक सङ्कटलाई केही पर धकेल्ने प्रयास गर्दै आएका छन् । यस सन्दर्भमा अक्टोबर समाजवादी क्रान्ति पछिको प्रक्रियालाई अलि गहिरोगरी हेर्न जरुरी छ । एकातिर, १९२९-३९को महामन्दीले पैदागरेको विश्वव्यापी आर्थिक सङ्कट र अर्कोतिर रुसी समाजवादी अर्थतन्त्रको विश्वभर परेको सकारात्मक प्रभावका बीचमा साम्राज्यवादीहरूले राज्यनियन्त्रित पुँजीवादी अर्थनीति अर्थात केनेसियन मोडेलको मिश्रित अर्थनीति अबलम्बन गरे । त्यो मूख्यतः युरोपियन देशहरूमा समाजवादको बढ्दो प्रभावलाई रोक्न ल्याईएको आर्थिक मोडेल थियो । सामाजिक सुरक्षा, निशुल्क स्वास्थ्य तथा शिक्षा, बेरोजगार भत्ता लगायतका कतिपय जनपक्षीय काम गरे पनि त्यो पुँजीवाद नै थियो र त्यसले पुँजीवादी सङ्कटलाई टार्न संभव थिएन । १९७३मा अरब राष्ट्रहरूले तेलको नाकाबन्दी लगाए पछि विश्वले अर्को आर्थिक सङ्कट बेहोर्नु पर्‍यो । त्यहाँसम्म पुग्दा मिश्रित अर्थतन्त्रको केनेसियन मोडेल पनि पूर्णतः असफल सिद्ध भैसकेको थियो । ८०को दशकतिर आईपुग्दा र मूख्यतः शितयुद्धको अन्तपछि फ्रिडम्यानको मोडेल अर्थात नबउदारवाद पूजीवादी अर्थनीतिको वैचारिक आधार बन्नगयो ।

नव-उदारबादले निजीकरणलाई सबै समस्याहरूको अचुक समाधान हो भन्ने मान्दछ । निजीकरणको मूल उद्देश्य भनेको कसैलाई पनि सामुहिक सौदावाजी गर्ने अधिकार दिनुहुंदैन भन्ने हो । निजीकरणले सार्बजनिक क्षेत्रका उद्योगहरूलाई निजी बैंक र लगानीकर्ता कम्पनीहरूको हातमा सुम्पिने कामगरेको छ । नव-उदारवादीहरूको नीति बजारलाई स्वतन्त्र छाडिदिनु हो । यसका तीनवटा अन्तर-सम्बन्धित विशेषताहरू रहेका छन् । ती हुनः व्यापारको स्वतन्त्रता, पुँजीको स्वतन्त्रता र लगानीको स्वतन्त्रता । नव-उदारवादीहरूको भाषामा यो बजार मानवीय सम्बृद्धि र खुसी प्राप्त गर्नका निम्ति सरकारी नियम, मजदुर सङ्गठन, सामाजिक सुरक्षा, पर्यावरण सम्बन्धि कानुन लगायत कुनै पनि नैतिक बन्धनहरू नभएको स्वतन्त्र बजार हो । यसमा सरकारको निर्णायक भूमिका रहदैन । सबै कुरालाई बजारको जिम्मामा छाडिन्छ । यसलाई अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकको सहयोगमा अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन र बेलायती प्रधानमन्त्री मार्गरिट थ्याचरले ९०को दशकबाट कार्यान्वयनमा लगेका थिए । त्यसपछि, सत्ता र सरकारको भूमिका मूख्यतः बैंक तथा आर्थिक संस्थानहरूलाई विश्वभरी लगानी गर्नका लागि वातावरण बनाईदिने विचौलिया दलालहरूको भन्दा भिन्न रहेन । राजनीतिक नेताहरू मूट्ठीभर पूँजीपतिका नोकर सरह बने ।

तर, आज यहाँसम्म आईपुग्दा नव-उदारवादी अर्थतन्त्र पनि पुर्णतः असफल भैसकेको छ । नव-उदारवादले २००८को वित्तिय सङ्कट टार्न त सकेन नै बरु त्यो विगतका आर्थिक सङ्कटहरूभन्दा अझ विकराल बनेर देखा परेको छ । यसबारे विभिन्न अर्थशास्त्रीहरूले आलोचनात्मक टिप्पणी गरेका छन् । नोबेल पुरस्कार विजेता अर्थशास्त्री, विश्व वैकका बरिष्ठ उपाध्यक्ष तथा अमेरिकी भूतपूर्व राष्ट्रपति विल क्लिन्टनका आर्थिक सल्लाहकार जोसेफ सिग्लिजले नव-उदारवादको मृत्यु भैसकेको घोषणा गरेका छन् । अगस्त १९, २०१६को अनलाईन प्रकासन विजनेस इन्साईडरमा सिग्लिजलाई उधृतगर्दै विल मार्टिनले लेखेका छन्, "विकासशील र विकसित दुबैथरी देशहरूमा नब-उदारवाद मरिसकेको छ ।" त्यतिमात्र होईन साम्राज्यवादीहरूको आर्थिक नीति निर्माणगर्ने संस्था अन्तर्राष्ट्रिय मूद्रा कोषका निमित्त निर्देशक जोनाथन अस्ट्री र विभागीय प्रमूख प्रकास लौगानी नव-उदारवादी आर्थिक नीतिप्रति नै आलोचक रहेका छन् । "ल्भयष्दिभचबष्किस इखभचकयमि" शीर्षक दिईएको रचनामा उनीहरूले लेखेका छन्, "समृद्धि दिनुको साटो कतिपय नव-उदारवादी नीतिले असमानतालाई बढाएको छ ।" फ्रान्सका अर्थशास्त्री र 'ईकोनोमिस्ट'को शव्दमा आधुनिक मार्क्स थोमस पिकेटीले ४५२ पृष्ठ रहेको "२१औ शताव्दीमा पूजी" नामको एउटा महत्वपूर्ण पुस्तक लेखेका छन् । धनी र गरीवका बीचको खाडल कहिल्यै घटाउन नसक्ने बरु सधैं बढाईरहने हुनाले पूँजीवाद असफल भएको छ भन्ने उनको निस्कर्ष छ ।

नव-उदारवादले पुँजीलाई सिमित व्यक्तिहरूको हातमा केन्द्रित गर्ने बाटो खोलेको छ । पुँजीपतिहरूले अथाह मुनाफा कमाएका छन तर त्यसको व्यवस्थापनमा सरकारको कुनै भूमिका छैन । यसको परिणाम औंलामा गन्नसकिने केही मानिसहरूको हातमा अकुत सम्पत्ति थुप्रिएको छ भने बांकी गरीविको दुश्चक्रमा धकेलिईरहेका छन् । त्यसमा पनि २००८को सङ्कट पछि यो प्रक्रिया दिन दुईगुना र रात चौगुनाका दरले बृद्धि हुंदैगएको छ । आजभन्दा ४ वर्ष अगाडीसम्म विश्वका सबभन्दा धनी १८५ जना र विश्वका सबभन्दा गरीव आधा जनसङ्ख्याको कुल सम्पत्ति बराबर छ भन्ने तथ्याङ्क पढ्न पाईन्थ्यो । २ वर्ष अगाडिसम्म धनीहरूको उक्त सङ्ख्या ६२मा झर्‍यो भनियो र अहिले अनलाईनमा सबभन्दा माथिका ८ जना धनाढ्यको र यस पृथ्वीमा बसोबास गर्ने तल्लो आधा जनसङ्ख्याको सम्पत्ति बराबर छ भन्ने लेखहरू पढ्न पाईन्छ । यस्ता तथ्याङ्कहरू इहाक र ँयचदभम जस्ता अन्तर्राष्ट्रिय संस्थाले चलाएका अनलाईनबाट आईरहन्छन् ।

नव-उदारवाद सफल कि असफल भन्ने बहस यतिबेला केही अर्थशास्त्री र प्रगतिशील पत्रपत्रिकामा मात्र सिमित रहेको छैन । यो विषय विश्वका दुई अतिमहाशक्ति देशहरू अमेरिका र चीनका बीचमा एउटा गम्भीर बहसको मुद्दा बन्न गएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प भूमण्डलीकरण तथा नव-उदारवादका विरुद्धमा र संरक्षणवादको पक्षमा उभिएका छन् भने चीनका राष्ट्रपति सि जिन पिङ्ग संरक्षणवादको विरुद्ध र नव-उदारबाद र भूमण्डलीकरणको पक्षमा । यही जनवरी १७, २०१७मा विश्व आर्थिक मञ्च (ध्ँ)ले स्वीजरल्याण्डको डेभोसमा आयोजन गरेको बैठकलाई सम्बोधन गर्दै उनले भनेका छन्, "यो साँचो हो कि आर्थिक भूमण्डलीकरणले नयाँ समस्याहरू जन्माएको छ, तर यतिले मात्र आर्थिक भूमण्डलीकरणलाई पूर्णतः खारेजगर्नु पर्दछ भन्ने कुराको पुष्टिहुन सक्दैन । बरु हामीले आर्थिक भूमण्डलीकरणलाई परिस्थिति अनुकुल बनाउनु पर्दछ, यसका नकारात्मक असरलाई कमगर्नु पर्दछ र यसका उपलव्धीलाई सबै देश तथा राष्ट्रहरूसम्म पुर्‍याउनु पर्दछ ।" यसले देखाउंछ कि चीनले भूमण्डलीकरणलाई समर्थन मात्र गरेको छैन बरु त्यसलाई विकास र विस्तार गर्न प्रतिवद्ध पनि छ । चीनको एक क्षेत्र एक सडक ९इलभ दभति यलभ चयबम० भन्ने वर्तमान अभियान यही नीतिमा आधारित छ ।

कुनै बेला आर्थिक विकासको अचुक हतियार ठानिने नवउदारवाद अहिले चर्को आलोचनाको घेरामा पर्न थालेको छ । एकजना जापानी अर्थशास्त्री सतोषी फुजीले भूमण्डलीय पुँजीवादपछि (द्यभथयलम नयिदर्बा ऋबउष्तबष्कि) भन्ने एउटा महत्वपूर्ण पुस्तक सम्पादन गरेका छन् । उनको भनाइमा नवउदारवादका कारण उत्पादन घटेको छ, असमानता बढेको छ र आर्थिक सङ्कटहरू झन छिटो पैदाहुने गरेका छन् । यी समस्याबाट पार पाउन विकसित र अल्पविकसित देशमा दुई भिन्न प्रकारका सुधार गर्नु पर्ने उनको राय छ । उनले लेखेका छन्, "समृद्ध देशहरूले आर्थिक प्रणालीमा सुधार गर्नु पर्दछ ... ... । विकासशील देशहरूलाई पूजीवादी मुलुकहरूले पहिले गरे जस्तै अन्य देशहरूसंग वैदेशिक व्यापार गर्न र विदेशी लगानीमा आ□नो आवश्यकता अनुरूप ससाना उद्योगहरू खोल्न पाईने गरी तिनलाई सुहाउने नीति निर्माण गर्न दिईनु पर्दछ ।" यसरी वर्तमान साम्राज्यवादको एकाधिकारवादी हस्तक्षेपका विरुद्ध उनले विकासशील देशले आ□नो अर्थतन्त्रको संरक्षण गर्ने गरी नीति निर्माण गर्नु पर्ने कुरा सुझाएका छन् । वस्तुतः उनको यो भनाईले एकाधिकारवादी पूजीवादका विरुद्ध राष्ट्रिय पुँजीवादको पक्षपोषण गर्दछ । नव उदारवादको विरोधगर्ने यो कोण मूलतः सही छ ।

यतिबेला अर्को कोणबाट पनि नव उदारवादको विरोध हुन थालेको छ । रिपव्लकिन पार्टीका नेता रोनाल्ड रेगन र कन्जर्भेटिभ पार्टीकी नेतृ मार्गरिट थ्याचरको कार्यकालमा अगाडि बढाईएको नव-उदारवादी नीतिको विरुद्धमा अहिले उही पार्टीका नेता डोनाल्ड ट्रम्प र उही पार्टीकी नेतृ टिरिजा मेले संरक्षणवादको पक्षमा वकालत गर्न थालेका छन् । विचित्र त के भएको छ भने, हिजोका भूमण्डलीकरणका पक्षधर पार्टीका नेताहरू आज संरक्षणवादको पक्षमा उभिएका छन् भने हिजोका समाजवाद र संरक्षणवादका पक्षधर पार्टीका नेताहरू आज खुलेर भूमण्डलीकरणको पक्षमा वकालत गर्दैछन् । विश्व राजनीतिक परिवेशमा आएको परिवर्तनको यो स्थितिलाई सामान्य काकतालीको अर्थमा मात्र हेर्नु हुंदैन । यसले विश्व सर्बहारा क्रान्ति र राष्ट्रिय मुक्ति आन्दोलनका सन्दर्भमा समेत गहिरो प्रभाव पार्दछ । नव उदारवादको विरोध र "अमेरिकालाई फेरी महान बनाऔं" भन्ने नाराभित्रको डोनाल्ड ट्रम्पको अन्धराष्ट्रवाद फासीवादको दिशामा अगाडी बढ्दैछ । उनका अहिलेसम्मका गतिविधीहरूले समेत यसलाई राम्ररी पुष्टी गरेका छन् ।

अर्कोतिर, गएको करीब दुई दशकका बीचमा विज्ञान तथा प्रविधीले गरेको विकास र क्रान्तिमा त्यसले पार्ने प्रभावलाई हामीले नजर अन्दाज गर्न हुदैन । हिजोसम्म असंभव मानिने कामलाई आज तेस्रो औद्योगिक क्रान्तिले संभव बनाई दिएको छ । कार चलाउने, विभिन्न भाषामा अनुवादगर्ने, बैकमा आर्थिक कारोवार गर्ने, अध्यापन गर्ने जस्ता हिजो दक्ष मानिसले गर्ने कामहरू आज मेशिनको सहयोगमा सजिलै गर्न सकिने भएका छन् । विविध कारणबस मानिसले गर्न नसक्ने अपठ्यारा कामहरू गर्न आज यन्त्रमानवको निर्माण भएको छ । हालसालै विश्व आर्थिक मञ्चका संस्थापक अध्यक्ष क्लाउज श्वाबले "चौथो औद्योगिक क्रान्ति" नामको एउटा पुस्तक लेखेका छन् । उनको भनाईमा चौथो ओद्यौगिक क्रान्तिले भौतिक (एजथकष्अबर्ा), अंकीय (म्ष्नष्तबर्ा) र जैविक (द्यष्ययिनष्अबर्ा) संसारलाई संयोजन गर्ने, अर्थतन्त्र, उद्योग र समाजका सबै शाखालाई प्रभाव पार्ने र मानव हुनुको अर्थ के हुन्छ भन्ने विचारलाई समेत चुनौती दिनेगरी यसले नयाँ प्रविधीको विस्तृत क्षेत्रलाई समेटछ । यसको दायरा कति धेरै फराकिलो हुदैछ भन्ने कुरा यस भनाईबाट अनुमान लगाउन सकिन्छ ।

चौथो औद्योगिक क्रान्तिबारे विभिन्न विद्वानहरूले गम्भीर प्रतिक्रिया दिएका छन् । यसबारे डिसेम्बर २, २०१६का दिन बेलायतको अनलाईन पत्रिका विजनेस ईन्साइडरमा "स्वचालन र कृत्रिम प्रज्ञाले मध्यमवर्गका प्राय सबै कामहरूलाई सिध्याउंदै छः स्टेफेन हकिङ्ग" शिर्षकमा रब प्राइसको नामबाट एउटा महत्वपूर्ण लेख प्रकासित भएको छ । उक्त लेखमा हकिङ्गलाई उधृतगर्दै प्राईसले लेखेका छन्, "स्वचालनले विश्वभरी फराकिलो बन्दै गैरहेको आर्थिक असमानताको गतिलाई अरु बढाईदिने छ । ईन्टरनेट र त्यस्तै प्लेटफर्मले थोरै मान्छेलाई काममा लगाएर मानिसको एउटा सानो समूहलाई प्रचूर नाफा कमाउन संभव बनाईदिने छ । यो अपरिहार्य छ, यो प्रगति हो तर यो सामाजिक हिसाबले ध्वंशात्मक पनि छ ।" उनले उक्त रचनामा स्वचालनका कारण अमेरिकाका करीब ४७ प्रतिशत, बेलायतमा ३५ प्रतिशत, चीनमा ७७ प्रतिशत कामदारहरूको जागिर खतरामा पर्दैछ भन्ने सिटी बैंकले प्रस्तुत गरेको तथ्यांकलाई उधृत गरेका छन् । यो मानवताका लागि निकै डरलाग्दो स्थिति हो ।

तेस्रो र चौथो औद्योगिक क्रान्ति तथा कृत्रिम प्रज्ञाले निम्त्याएका खतराहरू बारे पूंजीपतिहरू अनभिज्ञ छन् भन्ने पटक्कै होईन । ती खतराबारे उनीहरूको दृष्टिकोण र उनीहरूले दिने समाधानका उपायहरू भने निकै दयालाग्दा र हास्यास्पद छन् । गत फेब्रुवरी २५, २०१७का दिन अनलाईन पत्रिका फर्च्युनमा बोस्टोन युनिभर्सिटीका अर्थशास्त्री जेम्स बेसनको नामबाट एउटा महत्वपूर्ण लेख प्रकासित भएको थियो । त्यसमा लेखिएको छ, "हालैको एउटा अन्तरवार्तामा माईक्रोस□टका संस्थापक पूंजीपति विल गेट्सले रोबोटलाई करलगाउने प्रस्ताब गरेका छन् । आउने २० बर्षसम्ममा ठूलो संख्याका श्रमिकहरूलाई रोबोटले विस्थापन गर्ने उनको अनुमान छ । रोबोटहरूलाई कर लगाएर स्वचालनको गतिलाई कमगर्न सकिन्छ र त्यो पैसाले विस्थापित मजदुरहरूलाई थप तालिम दिनुपर्दछ र उनीहरूलाई आर्थिक सहयोग गर्नुपर्दछ, उनको तर्क थियो ।" कस्तो वकबास ! विश्वका सबभन्दा धनी विलगेट्सको यो भनाईले बुर्जुवाहरूको सोंच्ने घेरा कति साँगुरो र दयालाग्दो हुने रहेछ भन्ने अभिव्यक्त मात्र गर्दछ ।

यहाँसम्म आईपुग्दा विज्ञान र प्रविधीले अभूतपूर्व विकास गरेको छ । यो वस्तुतः उत्पादक शक्तिको विकास हो । तर पूंजीवादी उत्पादन सम्बन्ध अन्तर्गत हुने यो विकासका कारण मजदुरहरू बेरोजगार हुने र फलतः उनीहरूको क्रयशक्ति नै घटने भएपछि पुंजीवादी उत्पादन कस्का लागि र किन भन्ने गम्भीर प्रश्न अगाडि आएको छ । विज्ञान तथा प्रविधीको विकासलाई विश्व श्रमजीवि वर्गको हितमा प्रयोग गर्ने उचित उपाय नखोजी खुला छाडियो भने त्यसले विश्वलाई नै ध्वस्तपार्छ भनेर हकिङ्गले आवज उठाईराखेका छन् । उनको यो भनाई सही छ । यो पूजीवादी उत्पादन सम्बन्धले निम्त्याएको स्वाभाविक सङ्कट हो । यो सङ्कट का कारण विश्व यतिबेला विस्फोटक अवस्थातिर अगाडि बढिरहेको छ । नव उदारवादका कारण पैदा भएको पुंजीवादको सङ्कट लाई प्रविधीको विकासले आगोमा घिउ थप्ने काम गरेको छ ।


यतिबेला विश्वमा तीनवटा आधारभूत अन्तरविरोधहरू छन् । ती हुन्ः पहिलो, साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तरविरोध दोस्रो, साम्राज्यवादी शक्तिहरूका बीचको आपसी अन्तरविरोध र तेस्रो श्रम तथा पूजीका बीचको अन्तरविरोध । यी मध्ये पहिलो अन्तरविरोध अहिलेसम्म प्रधान अन्तरविरोध नै रहेको छ । प्रविधी तथा कृत्रिम प्रज्ञाको विकासका कारण श्रम र पूजीको अन्तरविरोध पनि चर्किएको छ । ट्रम्पको पहिलो बैदेशिक भ्रमण, उत्तरकोरिया र अमेरिका बीचको द्वन्द्व, कतारको विषयलाई लिएर मध्यपूर्वमा विकास भएको पछिल्लो कुटनीतिक तनाव आदिका कारण यतिबेला साम्राज्यवादीहरूको बीचमा ध्रुवीकरण तीव्र भएको छ र ती ध्रुवहरूका बीचको आपसी अन्तरविरोध पनि चर्किएर गएको स्थिति छ । यो समग्र स्थितिमा विश्वका अगाडि मूख्यतः दुईबटा संभावना रहेका छन् । एउटा, उत्पादक शक्तिको विकास अनुरूप उत्पादन सम्बन्धमा परिवर्तन अर्थात सर्बहारावर्गको नेतृत्वमा समाजवादी क्रान्ति अथवा अर्को, विध्वंशात्मक तेस्रो विश्वयुद्ध । तेस्रो विकल्प भनेको मानव सभ्यताको क्रमिक विघटन हो ।

यहिंनेर एकपाली फर्केर कम्युनिस्ट घोषणापत्र हेरौं । त्यसमा लेखिएको छ, "आधुनिक उद्योगको विकासले बुर्जुवाले उत्पादनगर्ने र उत्पादनलाई कव्जागर्ने आधारलाई नै भत्काईदिन्छ । त्यसकारण बुर्जुवाहरूले जे कुराको निर्माण गर्छन् अन्ततः ती सबै उनैका चिहानखन्ने वस्तुहरू हुन् । बुर्जुवावर्गको अन्त र सर्बहारावर्गको विजय त्यत्ति कै अनिवार्य छ ।" यसरी, आजभन्दा १६९ वर्ष अगाडी १८४८मा कम्युनिस्ट घोषणापत्रले जे उद्घोष गरेको थियो आज त्यो सत्य सावित भएको छ । नव उदारवादी आर्थिक नीति र पूजीवादी उत्पादन सम्बन्धले गरेको प्रविधी तथा कृत्रिम प्रज्ञाको विकास आज पूजीवादलाई मृत्युको मूखमा पुर्‍याउने कारण बनेको छ । साथै, पूजीवादको घाँटीमा जुन मृत्युको घण्टी बजेको छ त्यो सामाजिक क्रान्तिको भविष्य उज्ज्वल छ भन्ने कुराको स्पष्ट सङ्केत हो । शायद यसैलाई लेनिनले साम्राज्यवाद भनेको समाजवादी क्रान्तिको पूर्वसन्ध्या हो भन्नु भएको थियो ।

तर महान् क्रान्तिकारी र सर्बहारा अन्तराष्ट्रियतावादी नेता चेले भने जस्तै क्रान्ति भनेको पाकेपछि आफै भूईमा खस्ने स्याउ जस्तो वस्तु होईन । यसलाई झटारो हानेर खसाल्नु पर्दछ । यो भनेको सर्बहारा वर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीको नेतृत्वमा प्रतिक्रियावादी सत्तालाई ध्वंश गरेर सर्बहारा वर्गको सत्ता स्थापना गनु पर्दछ भन्ने हो । यसरी मार्क्सवाद-लेनिनवाद-माओवादको मार्गनिर्देशनमा सर्बहारा क्रान्तिको तयारी गर्न सचेत ढङ्गले जुटनु नै यतिबेला संसारभरीका सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूको प्रमूख दायित्व बनेको छ । यही दायित्व पुरा गरेर नै हामीले नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न र विश्व समाजवादी क्रान्तिको प्रक्रियालाई सहयोग पुर्‍याउन सक्दछौं ।

*भाद्र १७, २०७४*

# जनयुद्धकी छोरी शहीद हीरा थापामगर 'झनिमा'



घननाथ सापकोटा 'विकास'

शदिऔंदेखिको सामन्तवादी केन्द्रीकृत राज्य व्यवस्थाका बिरूद्ध २०५२ साल फाल्गुण १ गते नेपाल कम्युनिष्ट पार्टी(माओवादी)ले सुरु गरेको महान् जनयुद्ध बेगवान गतिका साथ अगाडि बढीरहेको थियो । नेपाल आमाका क्रान्तिकारी सर्वोत्तम छोराछोरीहरूले जीवनमा एकपटक मात्र प्राप्त हुन् भौतिक शरीरको कुनै प्रवाह नगरी देश र जनताको लागि वर्गसंघर्षको तुफानमा होमिन लालयित थिए । देशमा सङ्कटकाल लगाउने, माओवादी पार्टीलाई आतङ्ककारी घोषणा गर्ने, क्रान्तिकारी जनताका छोराछोरीहरूको टाउकाको मूल्य तोकिएको थियो । लुटाहाहरूको सत्ता रेबिज लागेको कुकुरझैं बस्तीहरूमा जथाभावी टोक्दै चिथोर्दै दौडिरहेको थियो । को कहाँबाट, कतिबेला गिरफ्तार हुने हो? ठेगान थिएन । गिरफ्तारी त के हुन्थ्यो, अपहरण गर्थ्यो । गोपनीयता भङ्ग गराउन हुर्मत लिन्थ्यो, इज्जत लुट्थ्यो । आत्मस्वाभिमानमाथि धावा बोली सकेपछि सकेपछि भौतिक रूपमा समेत हत्या गर्थ्यो । २०५२ सालदेखि २०६३ सालसम्म तत्कालीन सत्ताको दैनिक दिनचर्या यस्तै थियो ।

चितवन जिल्लाको पूर्वी भाग १ नं. मुख्य इलाकाको रूपमा पार्टीले आफ्नो योजनामा वर्गसंघर्षको विकास गरिरहेको थियो । यस इलाका अन्तर्गत शक्तिखोर, पदमपुर, जुटपानी, पिठुवा, चैनपुर, रत्ननगर नगरपालिका र बछ्यौली गा.वि.स. ख उपइलाका अन्तर्गत मेरो जिम्मेवारी ठोस गरिएको थियो । हाम्रो टिममा क.शुष्मा खनाल, सीता, गोमा तिमिल्सीना, सावित्री आचार्य, पिताम्बर पौडेल लगायतको टिम थियो उक्त भूगोलमा । पार्टीले दिएको योजना पूरा गर्नुको साथै सङ्गठन, संघर्ष र पूर्णकालीन कार्यकर्ता उत्पादन गर्नु मुख्य जिम्मेवारी थियो । २०५८ साल श्रावण महिनाको कुनै दिन आकाशे निलो रङको सर्ट र फ्रक लगाएकी एक जनजातिकी छोरी आउनुभएको रहेछ । मेरो पहिलो कर्तव्य उहाँको परिचय लिनु थियो र मैले सोधेँ 'उहाँ बैनी को हुनुहुन्छ?' उहाँको घर कहाँ हो? कसकी छोरी हुनुहुन्छ? । प्रत्युत्तरमा कमरेडहरूले भन्नुभो ' उहाँ बैनी शक्तिखोर गा.वि.स. वडा नं. ८ देवीटारकी हुनुहुन्छ । चतुर्मुखी मा.वि. शक्तिखोरमा कक्षा ९ मा पढ्दै हुनुहुन्छ । उहाँ नेकपा(माओवादी) पार्टीको पूर्णकालीन सदस्य भएर जनयुद्धको सेवा गर्नको लागि आउनु भएको हो ।' यस कुराले मलाई केही दुविधा पैदा गरायो । एक त भर्खर ९ कक्षामा पढ्दै गरेकी छात्रालाई पार्टीमा सामेल गराउने की नगराउने? अर्को भर्खर अत्यन्त कलिलो उमेर जनयुद्धको गति र परि आउने कठिनाइको सामना गर्न सक्छिन कि सक्दिनन्? भन्ने कुराको त्यसपछि हामीले केही दिन उनलाई परीक्षण कालमा राख्यौं। पार्टीको नीति योजना र कार्यक्रमलाई उहाँले आत्मसात गरेर अगाडि बढ्ने तत्परता देखाउनु भयो भने ठिक छ ! उहाँ पार्टीमा स्थायी रूपले सामेल हुनुहोला यदि सक्नुभएन भने घर फर्कनुहोला । यसरी उहाँ केहि दिन हाम्रो टिममा हिँडिसकेपछि उहाँमा निहीत क्रान्तिकारी विचार झन परिपक्व भएर गयो । उहाँको बाबा तथा जेठा दाजु पनि माओवादी पार्टीको कार्यकर्ता हुनुहुँदो रहेछ । जसले गर्दा क्रान्तिकारी विचार तीब्रत्तर गतिमा विकास भैसकेको थियो । त्यसपछि उहाँ माओवादी पार्टीको परिपक्व पूर्णकालीन सदस्य बनेर काम गर्न थाल्नुभयो ।

महाभारत श्रृङ्खलाको काखमा रहेको रमणीय गा.वि.स. शक्तिखोर वडा नं. ८ देवीटारमा २०४० साल श्रावण महिना सोमबारका दिन बाबा तिलकबहादुर दर्लामी थापा मगर र आमा प्रेमकुमारी दर्लामी थापा मगरको कोखबाट नौ सन्तानमध्ये सातौं सन्तानका रूपमा एक क्रन्तिकारी योद्धा क. हीरा थापामगर निमाको जन्म भयो । उहाँको सात दाजुभाइ तथा एक दिदी हुनुहुन्छ । उहाँ सानै उमेरदेखि साह्रै सरल र नम्र स्वभावको व्यक्तित्त्व हुनुहुन्थ्यो । उहाँले साउँअक्षरसम्म गाउँकै विद्यालयबाट गर्नुभयो । कक्षा ६ सम्म न्यूरेनीको विद्यालयबाट शिक्षा आर्जन गर्नुभयो र बाँकी शिक्षा आर्जनका लागि शक्तिखोरको चतुर्मुखी मा.वि.मा भर्ना हुनुभएको हो । उहाँको परिवार २०१८ सालमा धादिङको जोगिमाराबाट पहिला न्यूरेनी र २०२७ सालमा देवीटारमा स्थायी बसोबास गर्नुभएको हो ।

सामन्तवादी सत्ताका पहरेदारहरूले नारीलाई सम्पूर्ण अधिकारबाट बञ्चित गर्दै पुरुष प्रधान समाज निर्माण गरेका छन् । उनीहरू दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्दै नारीहरूलाई भोग विलास र शोषणको साधन बनाउँदै आएका छन् । उनीहरू कमजोर र निरीह हुन्छन् भन्ने सफेद झुट षड्यन्त्रद्वारा महिलामाथि शोषण गरिएको छ । दशवर्षे महान् जनयुद्धमा ४० प्रतिशत महिलाको सहभागिता त्याग बलिदान र राजनैतिक श्रेष्ठताले उक्त षड्यन्त्रलाई च्यातचुत पारिदियो र नारीहरू पनि आफ्नो हक अधिकार र मुक्तिका लागि जस्तोसुकै परिस्थितिको सामना गर्न सक्छन् । आवश्यक परे हतियार उठाउन पनि पछाडि पर्दैनन् भन्ने कुराको ज्वलन्त उदाहरण महान् जनयुद्धमा महिलाहरूको सहभागिता र बलिदानले प्रमाणित गरिसकेको छ । पुरानो प्रतिक्रियावादी राज्य सत्ताबाट उत्पीडित जनजाति अति विपन्न परिवारमा जन्मेकी क्रान्तिकारी विचारकी धनी क.हीरा थापामगर एक इमान्दार जुझारु क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो ।

चीनका क्रान्ति नायक क.माओको 'सेना नभएको जनता वा पार्टीसँग आफ्नो भन्नु केही हुँदैन' भन्ने दृष्टान्तअनुसार सशस्त्र शक्तिको आडमा टिकेको प्रतिक्रियावादी राज्यसत्तालाई विघटन गराउँदै जनवादी राज्य स्थापनाका लागि सेना निर्माणको प्रश्नस अनिवार्य भएकोले नेकपा(माओवादी) ले पनि सेना निर्माणको योजना अगाडि बढायो । जस अनुरूप क. हीरा थापा दर्लामीमगर पनि जनमुक्ति सेनामा भर्ना भई पार्टी साधारण शाखा सदस्य र प्लाटुन कमाण्डरको जिम्मेवारीको हैसियतबाट थुप्रै युद्ध मोर्चामा भाग लिनुभयो । कति युद्ध मोर्चामा बाल बाल बच्न सफल हुनुभयो त कति मोर्चामा घाइते हुनुभयो । एक पटक २०६० सालमा पाल्पा, नवलपरासी, तनहुँ र स्याङ्जाको संगम स्थल ढुङ्गानाबेसीमा दुश्मनसँगको दोहोरो भिडन्तमा गोली लागी घाइते हुनुभयो । उपचार पछि पूर्ण रूपमा स्वस्थ भएपछि फेरि आफ्नो फर्मेसनमा जिम्मेवारी सम्हाल्न जानुभयो ।

यसरी जनताका परिवर्तनका बाहक राता मान्छेलाई जनताका दुश्मन निशाचरहरूले घेरो हालेर गौँडो ढुकेर सिध्याउने षड्यन्त्रलाई जनमुक्ति सेनाले धुलो चटाउँदै अगाडि बढिरहेको



थियो । देशको ८० प्रतिशत ग्रामीण भू(भागमा जनताको सत्ताको अभ्यास भइरहेको थियो । तर युद्ध युद्ध नै हुँदोरहेछ । युद्धमा जित मात्र होइन जित हासिल गर्न क्षतिको सामना पनि गर्नुपर्दे रहेछ । एकदिन त्यस्तो दुःखद समाचारको सामना गर्नुपर्यो । २०६१ साल कार्तिक ३१ गते टिम सहित गोरखातिर जाँदा लमजुङ जिल्लाको गौडा गा.वि.स. को वेतनी भन्ने ठाउँमा दुश्मनले घेरामा पारी गोली हानी हत्या गर्यो । यसरी नेपाल आमाकी एक छोरी लाल योद्धाले अमरत्त्व प्राप्त गर्नुभयो । मान्छे जन्मन्छ र मृत्यु पनि सँगसँगै लिएर आएको हुन्छ । मर्ने तरिका फरक फरक हुन्छन् । जो आफ्नो नितान्त निजी स्वार्थका लागि बाँच्दछन् तिनको मरण, प्वाँखभन्दा हलुको हुन्छ । ती जनताको घृणाको पात्र हुन्छन् । जो देश जनता र परिवर्तनको लागि बलिदान गर्दछन् उनको मृत्यु सगरमाथाभन्दा उचो र पहाडभन्दा गह्रूङ्गो हुन्छ । यसै मध्येकी यो ब्रह्माण्ड रहँदासम्म फेरि जन्मन नपर्ने गरी बाँचि रहने योद्धा मध्येकी नेपाल आमाकी छोरी शहीद क. हीरा दर्लामी थापामगर (निमा) हुनुहुन्छ । शहीद क.निमालाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै हाम्रो तर्फबाट लालसलाम! ती राता मान्छे जन्माउने र क्रान्तिमा पठाउने बाबा, आमा र सम्पूर्ण परिवारजनहरूमा हार्दिक धन्यावद !

उहाँले जनमुक्ति सेनाकै सदस्य गोरखा छेपेटार घर भएका क. बाबुराम कुमाल ठाकुरसँग वैवाहिक सम्बन्ध कायम गर्नुभएको थियो । उहाँलाई पनि २०६१ भदौ ६ गते पोखराबाट शाही सेनाले गिरफ्तार गरेर हालसम्म पनि बेपत्ता बनाएको छ ।

महान् शहीद निमाको विषयमा उहाँका बाबा, आमा, घरपरिवार र छिमेकीहरू यसो भन्नुहुन्छ :

बाबा तिलक बहादुर दर्लामी थापामगरः उनी अति मिलनसार तथा राम्रो स्वभावकी छोरी थिइन् । पार्टीमा जाने बेलामा अहिले जाने उमेर भएको छैन भनेको मानिन । उ गई छाडि । उसको बानी आफूलाई लागेको कुरा गरी छाड्ने थियो । घरमा हजुर आमालाई पार्टीमा गई भन्दिनु भनेर समाचार छाडेर गइछन् । उ पार्टीमा गएपछि एक दिन रक्सी घोप्ट्याउने अभियानमा भेटेको थिएँ । र अर्कोदिन तालिम गरिरहेको ठाउँमा पार्टीमा बोलाएर भेट्ने मौका मिलेको थियो । मेरो पिर नमान्नु मलाई सजिलो भएको छ भनेर साथीहरूसँग बाटो लागीन । म फर्केर आएँ । त्यसपछि भेट भएन । एक्कासी शहादत भएको खबर आयो । यसरी जनताका छोराछोरी शहीद भएका छन् तर नेताहरूले शहीदको रगतको व्यापार गरिरहेका छन् । दुरूपयोग गरेका छन् । यी नेताहरूसँग बोल्न पनि मन लागेको छैन ।

८६ वर्षे हजुरआमा एकुमाया रानामगरः डल्ली डल्ली शरीर भएको । कसैलाई पनि केही धक्का नलगाउने असल स्वभावको मान्छे थिई । घरको कामकाजमा सघाउने । पढ्ने लेख्ने गर्थी । त्यो दिन घाँस काटेर ल्याएर, बासीभात खाएर गएकी त्यसपछि फर्केर आइन । उसको सबै अनीबानी बिर्सीनसक्नु थियो ।

यति भन्दै गहभरी आँसु रसाए त्यो दृश्य देख्ने सँगै शहीद परिवार भेट्न जानुभएको नेकपा(माओवादी)को केन्द्रीय सदस्य क. अमृता थापामगरका आँखाबाट पनि आँसुका ढिका खसेका थिए ।

हजुरबुबा सुमबहादुर रानामगरः अति राम्रो मान्छे । असल थियो । अहिलेसम्म पनि आँखा वरिपरि घुमीरहेको छ । कुनैदिन बाजे भनेर आउँछे कि जस्तो लाग्छ तर के आउनु दुष्टहरूले त्यस्तो गरे ।

जेठो दाजु चित्रबहादुर दर्लामी थापा मगरः उ सानोमा पनि अति असल मान्छे थिई । घरका सबै भाइ बहिनीलाई माया गर्थी। घरको काममा सघाउँथी । देश र जनताको लागि माओवादी पार्टीमा लागेर बलिदान दिई । शहीद भई । ऊ साँच्चै मुलुककै ठूलो मान्छे भई तर उनले परिकल्पना गरेको समाज निर्माण गर्न बाँकी छ । त्यो जिम्मा अब हामी बाँचेकाहरूले पूरा गर्नुपर्छ । कोही पनि शहीदको रगतको अपमान गर्दै क्रान्तिबाट भाग्न पाउने छैन ।

माइला दाजु इवबहादुर दर्लामी थापामगरः ऊ विद्रोही स्वभावको थिई । ऊ कसैसँग झुक्दैन थिई । युद्धमा गएर शहीद भई । उसको बलिदान अनुसारको परिवर्तन पनि भएन नेताहरूले शहीदको रगतको कदर गरेका छैनन् साह्रै दुःख लागेको छ ।

माइली भाउजू गुणकुमारी दर्लामी थापामगरः म विवाह गरेर आउँदा ऊ सानै थिई । अति असल कसैलाई केही नभन्ने र नबिराउने । भाइ बहिनीहरूलाई अति माया गर्ने । खाना बनाएर खुवाउने । उसँग हाम्रो कहिल्यै नराम्रो भएन । यस्तो मान्छेलाई त्यस्तो गरे हामीलाई अत्यन्त दुःख लागेको छ ।

साइँलो दाइ यमबहादुर दर्लामी थापामगरः अति असल बहिनी थिई । अहिले पनि जिवितै छ कि जस्तो लाग्छ । जसले जनताको लागि युद्ध लडेकी हो जे होस् उसको विचार मरेको छैन । उसले अमरत्त्व प्राप्त गरी उसले छाडेर गएको बाँकी काम हामी बाँचेकाले पूरा गर्नुपर्दछ ।

साइँली भाउजू कान्छीमाया दर्लामी थापामगरः ऊ अति असल मान्छे । भान्छामा जे पाक्यो त्यही मिठो मानेर खान्थी । हामी सबैलाई काममा सघाउँथी । माया गर्थी सबैलाई । के गर्ने हाम्रो घरको बत्ती नै निभ्यो ।

काइँलो दाइ राजु दर्लामी थापामगरः बहिनी बच्चामै माओवादी पार्टीमा गई । हाम्रो मुटुको टुक्रा थिई । उसको नराम्रो बानी भन्ने कुरा केही थिएन । हाम्रो सबै परिवार एकै ठाउँमा छौं । हाम्रो बहिनी हिरामात्रै हामीसँग टाढा भई । दुश्मनले हामीलाई त्यस्तो गरी दियो ।

काइँली भाउजू बुलकुमारी दर्लामी थापामगरः म २०५७ सालमा विवाह गरेर आएँ । उनी २०५८ सालमा पार्टीमा गइन् । एक वर्ष मात्र हाम्रो सँगै उठबस भएको हो । उनी अत्यन्तै असल मान्छे थिइन् । आजसम्म बाँच्न पाएको भए केही गर्न सक्थिन् होला उनी निडर, सुरो मुटु भएको मान्छे हो  शहीद भईन ।

भाइ कुमार थापामगरः दिदी पार्टीमा पूर्णकालीन भएर जाँदा म सानै थिएँ । दिदीको विषयमा मलाई धेरै कुरा त जानकारी भएन तर ऊनी माओवादी पार्टीमा लागेर पूर्णकालीन हुँदा म पनि जान्छु भनेको थिएँ । उनले म पार्टीमा पूर्णकालीन भएर काम गर्छु तिमी घरमै बसेर सहयोग गर भनेर छोडेर गएकी थिइन् । उनी सदाको लागि अमर बनेर गइन् । त्यसपछि हाम्रो भेट भएन ।

कान्छो भाइ कृष्ण बहादुर दर्लामी थापामगर : म र दिदीसँगै एउटै स्कुलमा पढेको हो । ऊ साह्रै मिलनसार थियी । सबै साथीहरूसँग मिलेर पढ्ने लेख्ने गर्थी । म चाँही बाटोमा खेलेर स्कुल गयल हुन्थेँ । बेलुका हामी सँगै घर आउँथ्यौं । बाबा आमाले भाइ स्कुल गयो कि गएन भनेर सोध्दा गएको थियो भनेर बाबा आमाको सजायबाट मलाई बचाउँथी । यस्तो माया गर्ने दिदी अहिले हाम्रो साथमा छैन के गर्ने?

दिदी सीता नेपालः हाम्रा लागि एकदम राम्रो थिई । अरुलाई कस्तो लागेको छ कुन्नी? उसको असल बानी अहिलेसम्म पनि बिर्सन सकेको छैन । कतैबाट आइहाल्छ कि जस्तो लाग्छ । दुष्टहरूले यस्तो गरी चुँडेर लगे ।

छिमेकी हरि बहादुर भण्डारीः उनी राम्रो मान्छे थिइन् । उनको विचार सिद्धान्त ठिक थियो । उनी सारा समाजलाई सुखसँग बाँच्न पाउने व्यवस्था निर्माण गर्न पार्टीमा लागेकी हुन् । उनी युद्धमा मारिइन् शहीद भइन् तर शहीदको लागि पार्टीले केही गरेन त्यही दुःख लागेको छ ।

यसरी दश वर्षे जनयुद्धमा नेपाल आमाका दशौं हजार सर्वोत्तम छोराछोरीले बलिदान गरेका छन् । शहीद भएका छन् । तीनै शहीद मध्येकी एक हुन् क. हीरा थापा दर्लामी मगर (निमा) । यिनै शहीदको बलिदानको तागतबाट कतिपय हिजोका क्रान्तिका नायकहरू सत्तामा पुगेका छन् र खलनायकमा परिणत भएका छन् । हिजोका जनयुद्ध हाँकेका कतिपय नेताहरू करोडौंको गाडीमा चढेर गगनचुम्बी महलमा बिलासी जीवन बिताइरहेका छन् । सम्पत्ति थुपारेका छन् । नातावाद, कृपावादको सँस्कृति अवलम्बन गर्दै प्रतिक्रान्तिको नेतृत्त्व गरिरहेका छन् । शहीदको रगतको व्यापार गर्दै आफ्नो निजी स्वार्थ पूरा गरिरहेका छन् । नेपाली जनताका समस्याहरू ज्यूँका त्यूँ छन् भनौं अझ बिकराल बनेको छ । बाँच्न सकस भएको छ । शहीदका परिवार बेहाल भई सडकमा रोइरहेका छन् । जसका कारण क्रान्तिको कार्यभार पूरा गर्नको लागि क्रान्तिकारीहरूले शहीदको विचारलाई दह्रोसँग पक्डँदै जस्तोसुकै चुनौतिको सामना गर्दै अगाडि बढ्ने प्रतबद्धता सहित क्रान्तिकारी पार्टी नेकपा(माओवादी अगाडि बढिरहेको छ । खबरदार क्रान्तिको खोल ओढेर नेपाली जनतामाथि शासन गर्ने सपना नया लेण्डुप दोर्जेहरूले नदेखे हुन्छ । तिम्रो चिहान जनयुद्धका दशौं हजार शहीदको विचार बलिदानबाट प्राप्त भएको क्रान्तिकारी तागतले खनेर समाप्त पार्नेछ । बाटो केही कठिन भए पनि नेपाली जनताको भविष्य उज्जूवल बनाएरै छाडिने छ । यसरी शहीदले छोडेर गएको बाँकी कार्यभार पूरा गरेर मात्र सच्चा शहीदको श्रद्धाञ्जली हुनेछ । त्यसकारण एकपटक सबै मुक्तिकामी क्रान्तिकारीहरूले शहीदप्रति सच्चा श्रद्धाञ्जली अर्पण गरौं र नेपाली जनताप्रतिको आफ्नो जिम्मेवारीलाई पूरा गरौं ।

## कविता

### कमरेड झुमा



लता कार्की

कमरेड झुमा
अचेल आफ्नै मुटु निचोरेर बनाउँदैछे
घरका भित्ताहरूमा देशको मानचित्र
र पढ्छे आँखा बिछ्याएर रातो डायरी ।

यतिबेला
आदिवासी छानाको प्वालबाट
चिहृयाइरहेको छ उदास जून
साँझ टुटेपछि-
खै ! कसरी शीत बनेर झर्दो हो छातीमा ?
यादहरूको नदी ब्युँझेपछि-
आँखामा उम्लिने झरनाको छिट्टा
कसरी अडिँदो हो-
चुपचाप झुमाको अनिँदो सिरानीमा ?
सफेद गुलाफको परेलीबाट
कसरी चुहुँदो हो सिम्रिकको रातो विद्रोह ?

स्कुलमा "क्षेत्री" क्ष,"बाहुन" ब, "तामाङ" त
"दमाई" द, र "गरिब" ब रट्दा रट्दै
यत्रो असमानताहरूको पर्खाल नाघेर
देश बनाउन आफै देश भएर हिँडेकी हो झुमा
जब देख्छु झुमाको अनुहारमा बारुदको छर्रा लाग्छ,
आफैं टुट्नुको पीडा कुन्नि कसरी सहँदि हो ?
अचेल उस्तै बेरङ्गी देखिन्छन् जून र झुमा ।

खेतका आलीजस्ता गालाको डिलबाट
कसरी चिप्लियो मखमली सपना ?
कसरी उड्यो नयाँ क्रान्तिको रहर ?
जसरी उड्ने गर्छ समुन्द्रको पानी बाफ बनेर
आज उराठ लाग्दो देउरालीमा अडेस लागेर सुनिरहेकी छे
गाईने दाईको भोकमा रेटिने सारङ्गिको धुन ।

बुर्झुवा शिक्षाको परिभाषा पढ्दा पढ्दै
जब नाघेर गई-
नली खुट्टामा बर्षौ बाँधिएको जंजिरलाई चुँडालेर
त्यसै दिन भोक बिर्सेकी हो
जब स्कुलमा घण्टी नबज्दै निस्की
चट्टानी निधारमा रातो रिवन बाँधेर
तब त मुस्कुराउन खोजेको थियो देश
जिन्दगी हत्केलामा राख्दा- आफ्नै चोलिको तुना चुँडियो
कमरेड झुमा-
जब क्यान्टोनमेन्टबाट अयोग्य बनेर घर फर्कि
तब सिंहदरबारले बिक्रीमा राख्यो देश ।

जब शासकको जंगी बुटले कुल्चियो एउटा मजदुरको भोको पेट
त्यहिदिन विद्रोही बनेकी हो झुमा
जब सुन्न सकेन झुमाको मजदुर आवाज
त्यहिदिन काटियो जिब्रो
-फुटाल्यो आँखा
-काटियो कान
-भाँचियो हात र गोडा
आज सालिकझैं मौन छे कमरेड झुमा ।

जब म हिँड्छु झुमा हिँडेको बाटो
तब देख्छु बलिदानमा बगेका रगतका बाछिट्टाहरू
हिँड्दा, बस्दा हरेकदिन उस्तै देख्छु
दुखेर ब्युँझिने साँझ र मलिन आँखाको लय
सरकार !
कसरी बिर्सन सक्छे कमरेड झुमा
टहटह जूनको उज्यालोमा( परेड खेलेको त्यो रात ?

झुमा सपनामा आउँछे
र घच्घच्याउँछे हरेकदिन-
जब आउँछे ऊ
सहिदगेटको सालिक हेरेर आगो ओकल्छे
आफुले गुमाएको हात हेरेर जुर्मुराउँदै भन्छे
आमा ! किन बाले लगाएको कमिजझैं
उत्रिँन्दै छ दायाँ कोखाको सिलाई ?

सरकार !
झुमा जब हेर्छे त्रिभुवनको सालिक
तब सम्झन्छे सहिदहरूको बलिदान ।

झुमा ! यो देशको जिउँदो सहिद हो
कसले लेखिदिन्छ ?
ढुङ्गाको अक्षरहरूले खोपेर
सुनकेसरीजस्तो झुमाको कथा?

अक्करे भिरमा(
गुँरासजस्तो फुल्दै गरेको बैंस,
ईन्द्रेणी जस्तो रहर
कति कुल्चेर हिँडि आफ्नै खुट्टाको गोल्ड स्टार जुत्ताले
सयौं मोर्चाहरूमा लडेर सधैं उठाई रहि सगरमाथाको उचाई ।

जब घरको दलान बाहिर निस्कन्छे
तब लाग्छ देश उस्कै छाती हो
जब टेक्छे पैतालाले सहिद जन्माउने माटो
तब बन्छ ऊ हिँडने प्रत्येक बाटोमा देशको नक्सा
कमरेड झुमा (
जसको धारमा गर्दन राखेर
उत्पिडन छिनाल्न साहास गर्थि
आज त्यहि योद्धालाई किन फर्काइयो युद्धको मैदानबाट ?

यतिबेला-
दिनदहाडै क्रान्ति चर्किएको ऐनामा
नियाल्छे आफ्नै विद्रोही अनुहार
र लेख्छे रातो आँसुले(
अर्को क्रान्तिमोर्चाको युगान्तकारी कथा ।

कमरेड झुमा
आगो बन्न सक्छे
समुन्द्री आँधी बन्न सक्छे
पहाड पगाल्ने ज्वालमुखी बन्न सक्छे
कमरेड झुमा
थाक्न नमानेर अर्को रातो दिनहरूको संखघोष गर्दै
हिँडदै छे उल्टो पाईला
सरकार !
देश बनाउन हिँडेका-
रक्तिम पाइलाहरू रोक्न सक्नु हुन्छ ?
***

*इटहरी*

# भारतीय विस्तारवाद सामु सरकारले घुँडा टेक्यो : *किसान महासंघ (क्रान्तिकारी)*

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सिताराम तामाङले एक वक्तव्य जारी गरी भारतीय विषादीयुक्त तरकारी तथा फलफुलको आयातमा गरिएको परीक्षणमा रोक लगाएर ओली सरकारले भारतीय विस्तारवादसामु घुँडा टेकेको टिप्पणी गरेको छ र सरकारी कदमको विरोध गर्दै भारतीय तरकारी तथा फलफुलको परीक्षणलाई सूचारु राख्न जोडदार माग गरेको छ । २१ असारमा जारी किसान महासंघ (क्रान्तिकारी)को वक्तव्यमा भनिएको छ, "नेपाल सरकारले असार २ गतेदेखि भन्सार विन्दुमा क्वारेन्टाइन र जीवनाशक बिषाधीको अवशेष अनिवार्य परिक्षण गर्ने नीति कार्यन्वयनमा ल्याएको थियो । यसबाट भारतीय तरकारी र फलफूलको आयात प्रभावित भए पछि भारतीय दुतावासले नेपालको बाणिज्य मन्त्रालयलाई लिखित पत्र पठाएर आपत्ति जनाएको कुरो सार्वजनिक भएको थियो । सो व्यवस्थाले भारतीय निर्यातमा अवरोध हुन गई आफ्ना किसान र व्यवसायी मारमा परेको भन्दै दुतावासले नेपाल सरकारसँग जवाफ समेत मागेको थियो ।

नेपालले आफ्नो भन्सार विन्दुहरूमा क्यारेन्टाइन पहिले देखि नै राख्दै आएको हो तर त्यसलाई ब्यवस्थित गरी कार्यन्वयनमा ल्याएको थिएन । फलतः भारतीय बिषाधीयुक्त तरकारी, फलफूल र खाद्यान्न विनारोकठोक नेपाल भित्रिदै आएको अवस्था थियो । भारतीय पक्षले भने नेपालबाट निर्यात हुने तरकारी, फलफूल र अन्य उत्पादनलाई बेलाबखत रोकेर दुःख दिने गरेको विषयमा नेपाल सरकार बोल्ने गरेको पाईएको छैन ।

तर अहिले किसान र कृषि व्यवसायीको दवावको कारण नेपालले भन्सार विन्दुहरूमा क्वारेन्टाइन र जीवनाशक विषाधीको अबशेष परिक्षण गर्ने नीति कार्यन्वयनमा ल्याउँदा भारत सरकारले "नेपाल-भारत द्धिपक्षीय व्यापार संझौतालाई ख्याल नगरेको, विभिन्न सन्धि सम्झौतालाई नमानेको जस्ता आरोप लगाएर दवाव दिएको थियो । आफ्नो मुलुकभित्रने कुनै पनि उत्पादनको यथोचित चेकजाँच गर्ने स्वतन्त्र मुलुकको अधिकारभित्र पर्दछ र यो अन्तर्राष्ट्रिय नियम पनि हो । तर भारतीय विस्तारवादको दबावमा आएर आफूले निर्णय गरेको दुई हप्ता नपुग्दै कथित राष्ट्रवादी केपी ओलीको सरकारले निर्णय फिर्ता लिएकोछ । जुनसुकै बहानामा आफ्नो निर्णयबाट पछि हटेको भनिए पनि त्यो भारतीय विस्तारवादको सामु सरकारले घुडा टेकेको हो ।

नेपाल-भारत बीच विभिन्न बहानामा सीमाना खुल्ला राखिएकोछ । यो नै नेपालको विकासको एउटा गम्भीर तगारो हो । नेपाल-भारत दुई देश बीचको सीमानालाई ब्यवस्थित गरी आयातित उत्पादित बस्तुलाई भन्सार विन्दुमा क्वारेन्टाइन र विषाधी परिक्षण गराउँने ब्यवस्थाले नेपालको हित हुन्छ । त्यस दिशाका कदम बढाउनुको सट्टा आफूले गरेको सामान्य निणयबाटै पछि हट्नु नेपाली किसानको हितबाट र नेपालको राष्ट्रिय हितबाट पछि हट्नु हो । हाम्रो संगठन नपाल सरकारको यस्तो राष्ट्रघाती निर्णयको जोडदार विरोध गर्दछ र सरकारले असार २ गते देखि कार्यन्वयनमा ल्याएको उक्त नीतिलाई कडाईपूर्वक लागु गरोस भन्ने माग गर्दछ ।"

## नेपालमा...

इतिहासले हाम्रो सामु जुन क्रान्तिकारी अभिभारा प्रस्तुत गरेको छ, त्यसको केन्द्रिय तथा मूल चीज जनवादको प्राप्ति हो । के जनवाद प्राप्तिको निम्ति जोड गर्नु गलत हो ? मलाई लाग्छ त्यसो गर्नु गलत होइन । नेपालको वर्तमान अवस्थालाई कायम राखी इतिहासको गतिलाई रोक्न खोज्ने वर्गहरू भनेका सामन्त, दलाल र नोकरशाही पुँजीपति वर्गहरू हुन् । ती आत्मसमर्पणवादी कम्युनिष्ट नकावधारीहरू साम्राज्यवाद विस्तारवादको आड-भरोसामा सत्तासिन हुन पुगेका जल्लादहरू, उनीहरू (सामन्त दलाल नोकरशाही पुँजीपति वर्गहरू) सँग घाँटी जोडि एकै झुण्ड बन्न पुगेका यीनिहरू सबलाई पराजित नगरेसम्म देश अगाडि बढ्न सक्दैन । किसान, मजदुर श्रमिक, प्रगतिशिल बुद्धिजिवी तथा अन्य सबै उत्पिडित वर्गहरको मुक्ति प्रतिक्रियावादी वर्गहरूसँगको हितसँग टकराएको छ । आजको तात्कालिक अन्तरविरोध नै यहि हो । यसको समाधान जनयुद्ध (नयाँ जनवादी क्रान्ति) नै हो ।

खासमा भन्ने हो भने नेपालका यी दुई महान क्रान्तिहरू जनवादी क्रान्ति र समाजवादी क्रान्तिलाई साङ्गोपाङ्गो रूपले पूरा गर्ने कामको नेतृत्व गर्न सक्ने खुवी कम्युनिष्ट पार्टी बाहेक अरु कुनै पनि पार्टी (पुँजीवादी वा निम्न-पुँजीवादी) मा छैन । आफू जन्मेको दिनदेखि नै नेपाल कम्युनिष्ट पार्टीले आफ्नो काँधमा यी दुई अभिभाराहरू बोकी आएको छ, यो अभिभारा गौरवशाली पनि छ र कठिन पनि छ । यिनलाई पूरा गर्नको निम्ति बितेका ७० वर्षदेखि उसले अथक रूपले संघर्ष गर्दै आएको छ र आजका क्रान्तिकारी कम्युनिष्टहरले पनि यसै संघर्षलाई निरन्तरता कायम राख्दै अधुरो रहिरहेको नयाँ जनवादी क्रान्तिलाई पूर्णतामा ढाल्न, विगतमा झैं मृत्युलाई हांक दिने आगोको मुस्लो बनी आँधिवेरीको रूप धारण गरी अगाडि बढ्न सक्नुपर्दछ र यो नै आजको राष्ट्रिय आवश्यकत्ता हो ।

*२०७६/३/१२, ताहाचल, काठमाडौं*

## संघर्षलाई...

समस्या झनै जटिल बन्न गएका छन् । सन् १९५० लगायतका असमान सन्धि सम्झौता कायमै राखेर, जलविद्युत तथा सीमा लगायतका क्षेत्रमा अतिक्रमण बढाएर भारतीय विस्तारवादले आफ्नो हस्तक्षेप तीव्र पारेको छ भने सरकार तिनको प्रतिवाद तथा विरोध होइन पक्षपोषण गर्न गइरहेको छ । राजनीतिक दलमाथि प्रतिबन्ध लगाउने, राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरूको कथित मुठभेडको नाममा हत्या गर्ने, पत्रकारहरूको अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने र मजदुर, किसान, आदिवासी जनजाति, महिला, दलित, मधेशी, मुस्लिम लगायतका जनताका हक अधिकारको हनन गर्ने गरेर सरकार फासीवादतर्फ उद्यत भैरहेको छ । नव उदारवादको मान्यतामा अर्थतन्त्र चलाएर र समृद्ध नेपाल तथा सुखी नेपालीको विभ्रम खडा गरेर सरकारले समाजवादका विरुद्ध साम्राज्यवादको सेवा गरिरहेको छ । सरकार भ्रष्टाचार, भूमाफियातन्त्र, तस्करी र कमिशनतन्त्रको अखडा बन्न गैरहेको छ । यो बेला सङ्घर्षलाई नयाँ ढङ्गले सङ्गठित गर्नुपर्ने आवश्यकता पैदा भएको छ ।"

वक्तव्यमा अगाडि भनिएको छ, "गत २०७५ मङ्सीरको केन्द्रीय समितिमा पारित प्रस्ताव, नीति, योजना र निर्णयहरूको कार्यान्वयन सम्बन्धी विषयबारे समीक्षा गरिएको छ । निर्णयहरूको कार्यान्वयनमा कतिपय सीमा तथा समस्या रहे पनि पार्टी काम प्रगति उन्मुख बन्दै तथा सकारात्मक रूपमा अगाडि बढ्दै गइरहेको निष्कर्ष निकालिएको छ ।" र "विश्व र नेपालमा पनि क्रान्ति तथा रूपान्तरणका लागि वस्तुगत परिस्थिति अनुकूल बन्दै जान थाले पनि क्रान्तिकारीहरूको आत्मगत स्थिति कमजोर रहेको अवस्थामा प्रतिकूलतालाई अनुकूलतामा बदल्दै मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा नयाँ जनवादी क्रान्तिको तयारी र वैज्ञानिक समाजवाद तथा साम्यवादको दिशामा अगाडि बढ्नका लागि अत्यन्तै धैर्य तथा क्रान्तिकारी आशावादले समृद्ध बन्दै रणनीतिमा दृढता र कार्यनीतिमा लचकताको मान्यता अवलंबन गर्न जरुरी भएको ठहर सहित आगामी नीति, कार्यक्रम तथा कार्ययोजना निर्धारित गरिएको छ ।"

यस्तो छ वक्तव्यको पूर्णपाठ :

" १ – बैठकको सुरुमै अन्तर र्राष्ट्रिय तथा राष्ट्रिय तहमा जनआन्दोलन तथा जनयुद्धको प्रक्रियामा सहादत प्राप्त वीर अमर सहिदहरू प्रति एक मिनेट मौन धारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

२ – महासचिव क. किरणद्वारा केन्द्रीय कार्यालयका तर्फबाट राजनीतिक प्रतिवेदन प्रस्तुत गरियो । आवश्यक छलफल तथा परिमार्जन सहित सो प्रतिवेदन सर्बसम्मत रूपमा पारित गरियो । प्रतिवेदनको सारवस्तु यस प्रकार रहेको छ :

क) आज विश्वमा विभिन्न साम्राज्यवादी मुलुक तथा शक्ति केन्द्रहरूका बीच आर्थिक, राजनीतिक तथा सामरिक रूपमा आ-आफ्नो प्रभुत्वका निम्ति परस्पर तीव्र प्रतिस्पर्धा चलिरहेको छ । यो प्रतिस्पर्धा व्यापार युद्धमा परिणत हुँदै गएको छ । आज विश्वमा परमाणु युद्धको खतरा बढ्दै गएको छ र साइबर युद्ध चलिरहेको छ । आज एसिया, अफ्रिका तथा दक्षिण अमेरिकाका विभिन्न उत्पीडित मुलुकहरू एकातिर भूमण्डलीकृत साम्राज्यवादको उत्पीडनमा छटपटाइरहेका छन् भने अर्कोतिर ती त्यस प्रकारका उत्पीडनका विरुद्ध सङ्घर्ष गरिरहेका छन् ।

ख) चीनले अवलंबन गर्दै आएको बेल्ट एण्ड रोड इनिसिएटिभ रणनीतिको प्रतिकारका लागि अहिले अमेरिकाले इण्डो-प्यासिफिक रणनीति अवलंबन गर्न पुगेको छ । यस स्थितिमा नेपाल त्रिकोणात्मक सङ्घर्षको केन्द्र बन्न गएको छ र देशको राष्टिय स्वाधीनताको रक्षाका लागि अझै गम्भीर बन्नु पर्ने अवस्था पैदा भएको छ । ।

ग) अहिले देशमा कम्युनिस्ट नामधारी, संसदवादी तथा नवप्रतिक्रियावादी सरकार बनेको झण्डै १६ महिना पुगेको छ । यो बेला राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्या झनै जटिल बन्न गएका छन् । सन् १९५० लगायतका असमान सन्धि सम्झौता कायमै राखेर, जलविद्युत तथा सीमा लगायतका क्षेत्रमा अतिक्रमण बढाएर भारतीय विस्तारवादले आफ्नो हस्तक्षेप तीव्र पारेको छ भने सरकार तिनको प्रतिवाद तथा विरोध होइन पक्षपोषण गर्न गइरहेको छ । राजनीतिक दलमाथि प्रतिबन्ध लगाउने, राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरूको कथित मुठभेडको नाममा हत्या गर्ने, पत्रकारहरूको अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने र मजदुर, किसान, आदिवासी जनजाति, महिला, दलित, मधेशी, मुस्लिम लगायतका जनताका हक अधिकारको हनन गर्ने गरेर सरकार फासीवादतर्फ उद्यत भैरहेको छ । नव उदारवादको मान्यतामा अर्थतन्त्र चलाएर र समृद्ध नेपाल तथा सुखी नेपालीको विभ्रम खडा गरेर सरकारले समाजवादका विरुद्ध साम्राज्यवादको सेवा गरिरहेको छ । सरकार भ्रष्टाचार, भूमाफियातन्त्र, तस्करी र कमिशनतन्त्रको अखडा बन्न गैरहेको छ । यो बेला सङ्घर्षलाई नयाँ ढङ्गले सङ्गठित गर्नुपर्ने आवश्यकता पैदा भएको छ ।

घ) गत २०७५ मङ्सीरको केन्द्रीय समितिमा पारित प्रस्ताव, नीति, योजना र निर्णयहरूको कार्यान्वयन सम्बन्धी विषयबारे समीक्षा गरिएको छ । निर्णयहरूको कार्यान्वयनमा कतिपय सीमा तथा समस्या रहे पनि पार्टी काम प्रगति उन्मुख बन्दै तथा सकारात्मक रूपमा अगाडि बढ्दै गइरहेको निष्कर्ष निकालिएको छ ।

ङ) विश्व र नेपालमा पनि क्रान्ति तथा रूपान्तरणका लागि वस्तुगत परिस्थिति अनुकूल बन्दै जान थाले पनि क्रान्तिकारीहरूको आत्मगत स्थिति कमजोर रहेको अवस्थामा प्रतिकूलतालाई अनुकूलतामा बदल्दै मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा नयाँ जनवादी क्रान्तिको तयारी र वैज्ञानिक समाजवाद तथा साम्यवादको दिशामा अगाडि बढ्नका लागि अत्यन्तै धैर्य तथा क्रान्तिकारी आशावादले समृद्ध बन्दै रणनीतिमा दृढता र कार्यनीतिमा लचकताको मान्यता अवलंबन गर्न जरुरी भएको ठहर सहित आगामी नीति, कार्यक्रम तथा कार्ययोजना निर्धारित गरिएको छ ।

३ – साम्राज्यवाद तथा दक्षिणपंथी संशोधनवादको उत्पीडन, प्रभुत्व एवम् हैकम बढ्दै र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या झनै गंभीर बन्दै गएको स्थितिमा आफ्नै स्वतन्त्र पहल र समान धारणा राख्ने राजनीतिक दलहरूसित कार्यगत एकता गरी सङ्घर्षका कामलाई विकसित तुल्याउने बारे आवश्यक र महत्वपूर्ण निर्णयहरू लिइएका छन् ।

४ – बैठकमा सरकारद्वारा विप्लब समूहमाथि लगाइएको प्रतिबन्ध र उनीहरूहरूका केही नेता तथा कार्यकर्ताको मुठभेडका नाममा गरिएको हत्या तथा दमनको कडा विरोध तथा भर्त्सना गरी उनीहरूप्रति राजनीतिक व्यवहार गर्न तथा समस्याको राजनीतिक निकास खोज्न जोड दिइएको छ । साथै, विप्लव समूहको रहस्यमय कार्यदिशा तथा कार्यशैलीको पनि विरोध गरी तिनलाई सच्याउन समेत आग्रह गरिएको छ ।

अन्तमा, कमरेड किरणद्वारा केन्द्रीय समितिले लिएका निर्णयहरूको दृढ कार्यान्वयनमा जोड दिँदै तथा सम्पूर्ण कमरेडहरूलाई हार्दिक धन्यवाद दिँदै बैठकको समापन गरियो ।"

नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको क्रान्तिकारी माओवादीको बैठकले गरेका निर्णयहरूलाई आमूल परिवर्तनका पक्षधर जनताले विशेष महत्वका साथ हेरेका छन् ।

## चारवटा...

अर्को नेपाल प्राध्यापक संघ चलाउने चेतावनी दिए । आफूहरूलाई जहिल्यै पनि संघले अपहेलना र विभेद गरेको पनि उनले दावी गरे ।

'संघले विश्वविद्यालयमा चुनाव गर्दा हामीलाई कहिल्यैपनि थाहा दिएन । विधिवत रूपमा अहिलेको महाधिवेशनमा पाँच वटा संगठनले भाग लिनुपर्ने हो । तर, अहिले एउटा संगठनले मात्रै भाग लिएको छ । यो अवैधानिक छ ।' उनले भने ।

महाधिवेशन बहिस्कार गर्नेमा नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठन, नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन, राष्ट्रिय लोकतान्त्रिक प्राध्यापक सङ्घ र नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठन रहेका छन् ।

## भारतीय...

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले सीमा नाकामा विषादी जाँच नगर्ने निर्णय गरेको स्रोतले जनाएको छ ।

स्रोतका अनुसार बिहीबारको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले विषादी जाँच नगर्ने ठाडो प्रस्ताव लगेका थिए ।

मन्त्रिपरिषद्को यो निर्णयसँगै भन्सार नाकामा शुक्रबारबाटै भारतबाट नेपाल भित्रिने तरकारी र फलफुल जाँच नगरी नेपाल पठाउन सर्कुलर जारी गरेको छ ।

गत जेठ १० गतेको मन्त्रिपरिषद् बैठकले भारतलगायत तेस्रो मुलुकबाट आउने तरकारी र फलफूल परीक्षण गर्ने निर्णय गरेको थियो ।

सोही निर्णयका आधारमा असार २ गतेदेखि भारतबाट नेपाल आउने तरकारी र फलफूलको विषादी परीक्षण सुरु भएको थियो ।

कालीमाटी बजारमा आउने तरकारी तथा फलफूल ४० प्रतिशत भारतबाटै आउँछ । बाँकी ६० प्रतिशत बजार स्थानीय उत्पादनले ओगटेको छ ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको ११ महिनामा २६ अर्ब ४६ कोड ७५ लाख रूपैयाँ बराबरको तरकारी र १७ अर्ब ३ करोड ९६ लाखको फलफूल आयात भएको छ ।

यसैबीच, उपभोक्ताहरूका अनुसार जीवनाशक विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल यसरी निर्वाध रूपमा नेपाल भित्रिदा नेपालीहरूको स्वास्थ्य उच्च जोखिममा पर्ने गरेको छ ।

## नेकपा...

नया जनवादी क्रान्तिको पक्षमा जनमत तयार पार्न र वर्तमान प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था एवंम दक्षिणपन्थी संशोधनवादको विरोध तथा भण्डाफोर गर्ने निर्णय गरेको छ । पार्टीमा महामन्त्री क.मोहनवैद्य किरणको अध्यक्षतामा बसेको यो बैठकले केन्द्रीय रूपमा राष्ट्रियता, जनतन्त्र र जनजीवीकासित सम्बन्धीत समस्या र प्रादेशिक रूपमा जनसरोकारसित सम्बन्धित समस्यालाई लिई संघर्ष उठाउने र जिल्ला तहमा वर्ग संघर्ष र प्रतिरोध संघर्षलाई परिचालित गर्ने निर्णय पनि गरेको छ ।

यसरी एक बर्ष अघि पार्टीको केन्द्रीय समितिको चितवन बैठकले संगठन-संगठन र फेरी पनि संगठन भन्ने पार्टीको नारा ठहर गरेकोमा त्यसको ६महिना पछि बुटबलमा बसेको चौथो केन्द्रीय समितिको बैठकले संगठन-संघर्ष-संगठन भन्ने नारा तय गरेको थियो भने अहिलेको यो पाचौ बैठकले संघर्ष-संगठन-संघर्ष मूलतः संघष, त्यो पनि वर्ग संघर्ष र प्रतिरोधपूर्ण संघर्षमा जोड दिएको छ । यसरी संघर्षको रूप जनसंघर्ष, वर्ग संघर्ष र प्रतिरोध संघर्ष किटान गरेर पार्टीको स्गठनात्मक क्षेमतामा आएको विकास र पार्टीको संघर्षबारेको उद्घोषलाई जनताको एजेण्डा स्थापित गर्ने महान घोषणाका साथ पार्टीको यो पाचौ केन्द्रीय समितिको वैठक सफलतापूर्वक सम्पनन गरेको मात्रै छैन, यसले नेकपा(क्रान्तिकारी माओवादी) सैद्धान्तिक, वैचारिक तथा राजनीतिक हिसावले र त्यसको उच्च नेतृत्वप्रतिको आशावाद जनतामा बढाउन मद्त गर्ने छ । यो सरकारले ल्याएका विभिन्न जनविरोधी विद्ययेकहरू र भरखरै यसले भारतको ठाडो आदेशमा त्यहाँबाट भित्रयाइएका सयौ विषादीयुक्त तरकारी तथा फलफूलबाट के स्पष्ट हुन्छ भने यो सरकार देश र जनताको स्वास्थ्य र भविश्यप्रति सम्वेदनशील छैन् । विदेशी तथा स्वदेशी दलाल तथा नोकरशाहाहरूको हितलाई प्राथमिकता दिएर काम गर्दछ भन्ने स्पष्ट भएको छ । यो भनेको यस्तो सरकारका विरुद्ध जनताका लागि विद्रोहको विकल्प छैन । र पार्टीको यो बैठकले संघर्षबारे गरेको निर्णय -जनसंघर्ष, वर्ग संघर्ष र प्रतिरोध संघर्षले सरकारका पछिल्ला निर्णयहरूमाथि बलियो धावा बोल्ने छ भन्ने आशा गर्न सकिन्छ ।

विगत केही समयदेखि ओली-दाहालले जनताको चेतनास्तरलाई र अधिकांश बुद्धिजीवीहरूको सत्ता र सरकारप्रतिको मोहलाई संसदवादी दक्षिणपन्थी संशोधनवादमा उपयोग गर्न सफल देखिदै आएका थिए तर अहिले क्रमसः जनता उनीहरूको भ्रमबाट मुक्त बन्दै गएका छन् । यो भरखरै विकास भएको वस्तुगत अवस्थाको भरपुर उपयोग गर्न पार्टी गम्भीर बन्नै पर्छ र सरकारले भित्रयाएका ती विषादीयुक्त ट्रकमाथि जनताले कारवाही गर्ने छन् र पार्टी त्यस्तो जनकारवाहीको समर्थन र आवश्यकताअनुसार नेतृत्व लिन तयार रहने छ ।

*singhhukum683@gmail.com*

## अखिल...

खबरदारी कार्यक्रम गर्दै जेष्ठ ६ गते देखि त्रि.वि. सेवा अयोग खारेजी, आयोगका भ्रष्ट पदाधिकारीहरूलाई तत्काल बर्खास्ती, अवैधानिक रूपमा प्रकाशित नतिजा खारेजी भन्ने भाग सहित अनिश्चित कालिन रिले अनसन शुरु गरियो । २९ दिनको दिन रिले अनसन स्थल बाटै संगठनका अध्यक्ष स्वयं लगायत १६ जनालाई प्रहरीले बल प्रयोग गरेर गिरफ्तार समेत गऱ्यो । रिले अनसन सहित ३५ दिन सम्म संघर्ष सञ्चालन गरेको कुरा समेत आममा सर्वविदितै छ । शैक्षिक दलाल, भ्रष्ट, तस्कर रमाफिया विरुद्धको संघर्षलाई शसक्त एवं घनिभुत बनाउँदै लैजाने कुरा पनि प्रष्ट पार्न चाहन्छौं ।"

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क-
कोटेश्वर- ०१४६०१६८०, ९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१-५१००४९४
९८४११०६९६७
९८४४४०३१५९
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ।
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# नेकपा(क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको पाँचौ बैठक



❑ हुकुमबहादुर सिंह ❑

नेकपा(क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको पांचौ बैठक यहि असार १२ गतेदेखि १७सम्म काठमाण्डौमा बस्यो । २०७४ असोजमा सम्पन्न पार्टीको राष्ट्रिय सम्मेलन पछिको यो पाचौ बैठक हो । त्यस समयदेखि अहिलेसम्म आइपुग्दा पार्टीभित्रका आम नेतादेखि कार्यकर्तास्तरसम्म तुलनात्मक रूपले पार्टीको सैद्धान्तिक, वैचारिक तथा राजनीतिक स्पष्टता र बुझाइमा एक रूपतामा विकास हुँदै गएको छ । पार्टीको सङ्गठनात्मक अवस्थामा पनि जनस्तरसम्म केही विकास र सुधार आएको छ । यद्धपि यो क्रान्ति र आमूल परिवर्तनका लागि आफैमा काफी छैन ।

पार्टीको आत्मगत अवस्थामा आएको यो सकारात्मक परिवर्तन र विकास संगसंगै देशमा नामधारी कम्युनिस्ट सरकारको नेपाली जनताका बीचमा बदनामी भइरहेको छ । यो सरकार जनताको सरकार होइन, यो त भारतीय एकाधिकार दलाल पुँजीपति वर्गको हित र फाइदामा कामगर्ने सरकार हो भन्ने स्पष्ट हुँदै गएको छ र पछिल्लो अवस्थामा त यो झन बदनाम भएको छ, खासगरी यसले भारतबाट आयातित अत्यधिक मात्रामा विषादी मिसाइएको तरकारी र फलफुल भारतीय सरकारको दवावमा नेपालभित्र ल्याउने काम गरेर यसले आफूलाई नेपाली जनताको हत्याराको रूपमा प्रमाणित गरेको छ । यस्तो जनविरोधी र राष्ट्रविरोधी सरकार कसरी कम्युनिस्ट सरकार हुन सक्छ । यस्तो परिस्थितिमा यो बैठकले आफूलाई देशमा एउटा बलियो विकल्पको शक्तिका रूपमा अगाडि सार्ने निर्णय गरेको छ, तर यसमा नेपाली जनताको साथ र सहयोग अति आवश्यक छ । नेपाली श्रमजीवी वर्ग र उत्पीडित जनसमूदायको पक्षमा बोल्ने राजनीतिक दलको अभाव भइरहेको वर्तमान समयमा नेकपा(क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको यो बैठकले विद्यमान संसदीय व्यवस्थाको विकल्पमा संघीय जनगणतान्त्रिक व्यवस्थाको स्थापना नै देशको राष्ट्रियता, जनतन्त्र र जनजीवीकाको सुनिश्चितताको लागि वर्तमान प्रतिक्रियावादी सरकार र यसको विद्यमान सत्तामाथि जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षको आंधीबेहरी सृजना गदै धावा बोल्ने गरी सर्वहारा क्रान्तिका लागि तीन जादुगरी हतियार-पार्टी, सेना र संयुक्त मोर्चाको विकास र विस्तारमा जोड दिने निर्णय गरेको छ ।

देशमा अहिले ओली नेतृत्वको सरकारका कारण जनजीवीकाका समस्या झन जटिल बन्दै गएका छन् । महङ्गी, भ्रष्टाचार, कालो बजारी, कमिसनतन्त्र, विचौलियातन्त्र, करबृद्धि, भूमाफियातन्त्र, युवा बेरोजगारीजस्ता समस्याले नेपाली समाज निकै पीडित तथा आक्रान्त भएको छ । हरेक क्षेत्रमा भ्रष्टाचार व्याप्त छ । त्यसको छानवीन र कारबाहमा सरकार गम्भीर छैन भन्नेमा यो बैठक एकमत देखिएको छ ।

अहिले सरकारद्धारा २०७६/०७७का लागि रु १५ खर्ब ३२ अर्ब ३२ करोडको बजेट पेश गरिएको छ । यो बजेट नवउदारवाद र बजार अर्थतन्त्रको सैद्धान्तिक मान्यतामा आधारित भएर ल्याइएको छ । यसले सरकारले व्यापक रूपमा भन्दै आएको समाजववाद होइन साम्राज्यवादको सेवा गर्दछ किनभने यो बजेटले स्वाधिन तथा आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्दैन, यसले त दलाल तथा नोकरशाही पुँजीवादको विकासमा मल जल गर्ने कामगर्दछ । त्यसैले यो बैठकले स्पष्टसित नेपालमा बलियो हुँदै गएको दलाल तथा नोकरशाही पुँजीवादी संसदीय व्यवस्थालाई ध्वम्स गरी नेपालमा नेपाली जनताको साशनसत्ता स्थापना गर्नेमा यो बैठकले आफ्नो ध्यायान केन्द्रीत गर्ने निर्णय गरेको छ ।

पार्टीको विगतका केन्द्रीय समितिहरूका बैठकहरूले गरेका निर्णयहरूको कार्यान्वयनको मुल्याङकन गर्दै पार्टीले गर्ने कामहरूलाई सैद्धान्तिक तथा राजनीतिक काम, संगठन सम्वन्धी काम, संघर्ष तथा जनपरिचालन समवन्धी काम, कार्यगत एकता, पार्टी एकताआदि विषयहरूबारे गहन तथा गम्भीर छलफल गरेको छ ।

नेपाली कम्युनिस्ट नेता तथा कार्यकर्ताहरूमा देखिएको अध्ययनमा अरुची, सैद्धान्तिक तथा राजनीतिक स्तर उठाउने काममा आवश्यक गम्भीरताको अभाव देखिएको छ । यो बैठकले पार्टीभित्र निर्णयहरूको आत्मसातीकरण र बुझाइमा एक रूपताको अभाव र पार्टीभित्र मौलाउदै गएको निम्न पुँजीवादी चिन्तन तथा प्रवृतिजस्ता विचारधारात्मक तथा राजनीतिक समस्याको निर्कोल गरेको छ । पार्टीभित्रका माथि उल्लेखित सैद्धान्तिक तथा राजनीतिक समस्याबाट उत्पन्न संगठनात्मक समस्याहरूले नेपाली कम्युनिस्टहरूलाई डब्बल नेकपाको अवस्थामा लैजाने सम्भावनालाई चिर्दै अगाडि बढने अठोट लिएको छ । पार्टी नेतृत्व तथा कार्यकर्तामा क्रियाशलिता, पहलकदमी, सिर्जनशीलता र सांगठनिक क्षेमताको विकास गर्नेमा जोड दिएको छ ।

एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीका लागि सत्ता नै केन्द्रीय प्रश्न हो । यो प्रश्नबाट पार्टी एक पलपनि आफूलाई अलग गर्न सक्दैन भन्नेमा यो केन्द्रीय समिति स्पष्ट देखिएको छ । क्रान्तिका लागि वर्ग संघर्ष र प्रतिरोध संघर्ष एक अर्काका पुरक हुन र पार्टीले प्रदेश जिल्ला र स्थानीय तहमा विद्यमान जनताका समस्यालाई पहिचान गर्ने, बुझ्ने। विश्लेषण गर्दै त्यसका आधारमा संघर्षलाई संगठित तथा विकसित तुल्याउने काममा आवश्यक पहल र सृजनशीलताको विकास गर्ने निर्णय गरेको छ ।

पार्टीले मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा ...बाँकी ७ पेजमा

## केन्द्रीय...

विश्व एकध्रुवीय बन्न पुग्यो । तर, २१ औं शताव्दिको प्रारम्भ सगसँगै यो स्थितिमा पनि परिवर्तन आयो । विश्व बहुध्रवीय बन्न गयो । यो अवस्थाको बारेमा हामीले पहिले पनि चर्चा गर्दै आएका थियौं ।

विश्वस्थितिमा यता आएर केही हेरफेर भएको पाइन्छ । परमाणु शक्ति राष्ट्रका बीचको टक्कर बढ्दै गएको छ र त्यो प्रत्यक्ष आक्रमणसम्मको अवस्थातिर उद्दत भइरहेको छ । केही समय पहिले मात्र अमेरिकी राष्ट्रपति ट्रम्पले अर्को परमाणु सम्पन्न राष्ट्र इरानमाथि लामो दुरीको क्षेप्यास्त्र प्रहार गर्ने अन्तिम तयारी गरिसकेको र आक्रमणको अन्तिम आदेश दिनु पूर्व फगत् १० मिनट अगाडि मात्र उक्त निर्णय कार्यान्वयन नगर्ने सोचाईमा उनी पुगेको कुरा उनले बताएका छन् । यदि यो कुरा सत्य हो भने इरानमा अमेरिकी आक्रमण भइसक्ने अवस्थामा पुगिसकेको देखिन्छ । यदि त्यसो भएको हुन्थ्यो भने रुस, चीन, इरान आदि राष्ट्रको गठबन्धनले पनि आफ्ना परमाणु हतियार पयोग गर्ने संभावना टड्कारो थियो । त्यो अवस्थामा विश्वयुद्धको खतरा निम्तिन पनि सक्दथ्यो । फेरि पनि यो अवस्था नदोहोरिएला भन्न सकिन्न ।

अर्को नयाँ विषय भनेको अमेरिकाको एशिया प्रशान्त रणनीति हो । यद्यपि अमेरिकाको यो नीति यसै बर्ष बनेको होइन । तर ट्रम्प सरकारले यसलाई कार्यान्वयन गरिहाल्ने रणनीति बनाएका कारण आज यो चर्चामा आएको छ । नेपालका लागि यो रणनीतिको विषय यसकारण पनि महत्वपूर्ण छ कि यसको घानमा पहिले नेपाल नै पर्ने संभावना देखिएको छ । यो प्रसङ्ग गत साल दिशम्बरदेखि बढी चल्न थालेको छ, नेपालमा । त्यतिखेर अमेरिकी सरकारले नेपालका विदेश मन्त्रीलाई निम्ता नै दिएर बोलायो । यसलाई सत्ता पक्षद्वारा "नेपाललाई अमेरिकाले ठूलो सम्मान गरेको" र "यो नेपालका लागि ठूलो गर्वको विषय" र ओली सरकारको ठूलो सफलताका रूपमा पनि अर्थ्याइयो । प्रदिप ज्ञवाली नेपाल फर्के पछि पत्रकारलाई जानकारी दिँदै उनको अमेरिकी भ्रमणको सन्दर्भमा कुनै पनि सम्झौता नभएको र नेपालले असंलग्न परराष्ट्र नीति विपरीत हुने कुनै पनि संझौता नगर्ने समेत बताएका थिए । तर अमेरिकी विदेश मन्त्रालयका अधिकारी र विदेश उपमन्त्रीले नेपाललाई हिन्द प्रशान्त रणनीतिमा सामेल गराएर महत्वपूर्ण जिम्मेवारी समेत दिइएको बताए । यसका साथै उनीहरूले यसका निमित्त नेपाल सँग ५ करोड अमेरिकी डलरको सम्झौता पनि भएको बताए । यसबाट के प्रष्ट हुन्छ भने यो सरकार नेपालले भन्दै आएको असंलग्न परराष्ट्र नीतिबाट विचलित भएको छ र अमेरिकी रणनीतिमा सामेल भएको छ । अब नेपालमा अमेरिकी सेना राख्ने र हतियार ल्याउने चर्चा पनि चलिरहेको छ । यस प्रकार, नेपाल अब अमेरिका, भारत र चीन सरकारको रणभूमि बन्न सक्ने खतरा टड्कारो बनेको छ । यसप्रति हामी सबै नेपालीको ध्यान जानु नितान्त जरुरी छ ।

साइबर युद्धको पनि खतरा बढ्दै गएको छ । केही समय अघिदेखि चीनको हुआवेलाई र गुगलको बीचको टकराव बढ्दै गएको छ । चीनीयाँ कम्पनीका प्रमुखलाई कनाडामा पहिले गिरफ्तार गरेर मुद्दा चलाइयो । नेपालले बल्लतल्ल कम्प्युटर र स्मार्ट फोनमा प्रयोग गर्न द्धन क्षमताको प्रविधि भित्र्याएको छ । चिनीयाँ कम्पनीले 13G को प्रविधिको विकास गरिसकेको चर्चा चलिरहेको छ । अहिलेसम्मको सबैभन्दा अगाडि बढेको गुगल अब चिनीयाँ कम्पनीभन्दा पछि पर्न सक्ने भएकाले अमेरिका त्यस कम्पनीका विरुद्ध खनिएको हो भन्ने भनाई आएको छ । साइबर युद्ध अघि बढ्यो भने नेपाल जस्ता देश "साँढेको जुधाई, बाच्छाको मिचाई"को उखान चरितार्थ गर्न पुग्ने देखिन्छ ।

अन्तर्राष्ट्रिय परिस्थितिको अर्को महत्वपूर्ण पक्ष पनि छ । विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको झण्डै ४० वर्ष पुग्न लागेको छ । नेपाल, पेरु, भारत, फिलिपिन्स, टर्की आदि देशमा त्यहाँका माओवादी पार्टीहरूका नेतृत्वमा संचालित जनक्रान्तिले धक्का खाएका छन् । माओवादी पार्टीको अन्तर्राष्ट्रिय संगठन च्क्षः पनि विघटित अवस्थामा पुगेको पनि १० वर्ष नाघी सक्यो । यस अवस्थामा पुगेको विश्व कम्युनिष्ट आन्दोलनमा अहिले आएर केही मात्रामा आशा गर्न सकिने अवस्था देख्न थालिएको छ । जुन देशमा क्रान्तिले धक्का खाए, ती देशमा क्रान्तिलाई पुनः अघि बढाउने प्रयत्न भइरहेका छन् । दक्षिण अमेरिका, यूरोप, अमेरिका लगायतका देशमा पनि क्रान्तिकारी पार्टीहरू जन्मिदै गएका छन् । उनीहरू सच्चा क्रान्तिकारी कम्युनिष्टहरूको अन्तर ाष्ट्रिय केन्द्र बनाउने प्रयासमा जुटेका छन् । सबै प्रकारका दक्षिणपन्थी संशोधनवादीहरूको भण्डाफोर गरी सच्चा क्रान्तिकारीहरूलाई अन्तर्राष्ट्रिय रूपमा एकताबद्ध गर्ने प्रयास भैरहेका छन् । एकताका आधारहरूको खोजी भैरहेको छ । त्यसका निमित्त संयुक्त वक्तव्यहरू जारिगर्ने काम भै रहेका छन् । अन्तर्राष्ट्रिय मई दिवसका अवसरमा प्रकाशित संयुक्त वक्तव्यहरू यसका राम्रा उदाहरणहरू हुन् ।

### *राष्ट्रिय परिस्थिति*

कम्युनिष्टको नाम बेचेर, समाजवादको साइनबोर्ड भिरेर आएको यो सरकारको काम कम्युनिष्ट पार्टीको नामलाई बदनाम गराउने, कुरूप बनाउने र समाजवादलाई फासिवादको समकक्षीका रूपमा चित्रण गर्ने धन्दामा लागेको छ । "समृद्ध नेपाल र सुखी नेपाली" भन्ने डबल नेकपाको नारा घन्काएर अनि दलाल र नोकरशाही पुँजीपति वर्गको लगानी र विदेशी प्रतिकृयावादी शक्तिहरूको आशिर्वादबाट बनेको सरकार नेपालकै इतिहासको सबैभन्दा बदनाम सरकारका रूपमा स्थापित भएको छ । संसदभित्रको कथित दुई तिहाई बहुमतको दम्भको प्रदर्शन गर्दै आएको सरकार निरीह सावित भएको छ । सरकारले प्रस्तुत गरेका विधेयकहरू पारित हुन नसक्ने भएपछि धमाधम फिर्ता गर्न थालिएको छ ।

"समृद्ध देश, सुखी नेपाली"को नारा लगाउने सरकारको चालु आर्थिक वर्षको १० महिनामा विकासतर्फ जम्मा १ खर्ब खर्च भएको देखिन्छ । जम्मा १३ खर्ब १५ अर्बको बजेटमा व्यापार घाटा १३ खर्ब १९ अर्ब पुगेको देखिन्छ । ०७६/०७७ आर्थिक वर्षको हाल पनि उही नै हो । यसबाट यो देश समृद्धिको उकालो चढ्दै हैन कि यो कंगाल बन्ने दिशातिर ओरालो लाग्दैछ भन्ने स्पष्ट हुँदैन र ?

राष्ट्रघात, संस्थागत र चरम भ्रष्टाचार, तस्करी, माफियातन्त्र, असुरक्षा, करबृद्धि आदिमा रेकर्ड कायम गरेको छ, यो सरकारले । यसका साथै निजी गुठीलाई माफियाका हातमा सुम्पने र नेपाली सँस्कृतिमा धावा बोल्नका लागि ल्याइएको विधेयक, साम्राज्यवादी देशको आणविक भट्टी नेपालमा खोल्ने निर्णय, भारतीय फिल्म एवार्ड ९ब्क्ष्ँ्‌० १ अरब खर्च गरेर नेपाल सरकारले आयोजना गर्ने प्रयास, भारतबाट आउने विषादियुक्त तरकारी र फलफूललाई जाँच नै नगरिकन निर्वाध रूपमा नेपाल ल्याउने छुट आदिबाट समेत जनताका अगाडि नाङ्गिएको यो प्रतिकृयावादी सरकारका विरुद्ध जनतामा व्यापकरूपमा असन्तोष पैदा भएको छ । यो कुरा केही समयदेखि नेपाली सडकहरूमा पोखिन थालेको सरकार विरोधी आक्रोसले देखाउँछ ।

संघर्ष उपरोक्त स्थिति माथि ध्यान दिँदै केन्द्रीय समिति सरकार विरोधी यो आक्रोस यो व्यवस्था र यो संविधानका विरुद्ध पनि लक्षित भएको संश्लेषणमा पुगेको छ । त्यसकारण फेरि पनि हुन सक्ने राष्ट्रिय स्तरका जनआन्दोलनका संभावनालाई पार्टीले पहल गरी अगाडि बढाउनु पर्ने कुरामा पनि जोड दिइएको छ । जनसंघर्षको त माथि चर्चा गरिसकिएको छ । यसका साथै वर्गसंघर्ष र प्रतिरोध संघर्षमा पनि जोड दिने निर्णय पनि लिइएको छ । यसैगरी संगठनलाई विस्तार र सुदृढ गर्ने विविध निर्णयहरू लिइएको छ । सबै विषयमा सविस्तार व्याख्या यो सानो लेखमा सम्भव नभएको हुनाले अहिलेलाई यत्ति नै । *०७६/३/२२*

## नेता श्रीनाथ...

बढाइएको छ । नेता अधिकारीको पछिल्लो स्वास्थ्य स्थिति बुझ्न शनिबार पार्टी महासचिव मोहन वैद्य'किरण' हरि सिद्धिस्थित नेपाल क्यान्सर अस्पताल पुगे । महासचिव किरणसँगै पार्टी स्थायी समिति सदस्य हरिभक्त कँडेल 'प्रतीक' पनि नेता अधिकारीको स्वास्थ्यस्थिति बुझ्न अस्पताल पुगेका थिए । आइसियूमा रहेका नेता अधिकारीलाई भेटेर महासचिव किरणले 'अहिले कस्तो छ तपाईँलाई ?' भन्दा नेता अधिकारीले (मुस्किलले) 'श्वास फेर्न गाह्रो भएको छ' भन्दै भावुक बनेका थिए ।

उपचारमा संलग्न चिकित्सकहरूका अनुसार नेता अधिकारीको स्वास्थ्यस्थिति दिनदिनै गम्भीर बन्दै गएको छ । नेता अधिकारीको स्वास्थ्यस्थिति बुझ्न दिनदिनै क्रान्तिकारी माओवादीलगायत विभिन्न राजनीतिक पार्टीका नेता कार्यकर्ताहरू, आफन्त तथा नातेदारहरू अस्पताल पुगेर स्वास्थ्यलाभको कामना गरिरहेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी)को हालै असार १२ देखि १७ सम्म सम्पन्न केन्द्रीय समितिको बैठकले नेता अधिकारीको स्वास्थ्यलाभको कामना गर्दै एउटा प्रस्तावसमेत पारित गरेको थियो । पार्टी तथा परिवारका सदस्यहरूले नेता अधिकारीहरूको उपचारमा हरसम्भव प्रयास जारी राखेका छन् ।

नेता अधिकारीको पुस १९ गतेदेखि निरन्तर अस्पतालमा भर्ना भई उपचार भइरहेको छ । सुरुमा चितवनको भरतपुर क्यान्सर अस्पतालमा उपचार गराइए पनि थप उपचारका लागि बैशाख २७ गतेदेखि हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पतालमा उपचार भइरहेको छ । नेता अधिकारी फोक्सोको क्यान्सरबाट पीडित हुनुहुन्छ ।

नेता अधिकारीलाई एक इमान्दार, त्यागी, निष्ठावान, आदर्शयुक्त व्यक्तित्वका धनी नेताको रूपमा स्थापित हुनुहुन्छ । उहाँ गोरखा जिल्लाको कम्युनिस्ट आन्दोलन तथा पार्टीको संस्थापक नेतासमेत हुनुहुन्छ । नेपाली कम्युनिस्ट आन्दोलन खासगरी माओवादी आन्दोलनका सबै धाराका नेता कार्यकर्ताहरूले उहाँलाई एक अनुकरणीय व्यक्तित्वको रूपमा लिने गर्दछन् र त्यही रूपमा सम्मानसमेत प्रकट गर्ने गर्दछन् ।









**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : कुपण्डोल, ललितपुर, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।